
# लेखापरीक्षण प्रतिवेदन

# बेसीशहर नगरपालिका, लमजुङ

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## बेसीशहर नगरपालिका, लमजुङ

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/469

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,
बेसीशहर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
लमजुङ।

**कैफियतसहितको राय**

हामीले बेसीशहर नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू १९ करोड ५ लाख ५८ हजार, गरिवसँग विशेश्वर कार्यक्रमको रू ७ लाख २१ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु ३२ लाख ४२ हजार र पर्यटन पूर्वाधार विकास कार्यक्रमको रू १ करोड ५६ लाख ६४ हजार समेत गरी रू २१ करोड १ लाख ८५ हजार समावेश गरेको छैन।

२. नगरपालिकाको रु. १ अर्ब ७७ करोड १ लाख ६९ हजारको लेखापरीक्षण गरिएकोमा रु. २ करोड ३८ लाख ६७ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.१ लाख ७६ हजारको प्रतिक्रियाउपर कारबाही भई कायम भएको बाँकी बेरुजु रु.२ करोड ३६ लाख ९१ हजारमध्ये असुल गर्नुपर्ने रु. ७६ लाख ९० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु. ११ लाख ३२ हजार, नियमित गर्नुपर्ने रु.१ करोड २० लाख ४६ हजार र

पेश्की रु.२८ लाख २३ हजार रहेको छ। गत वर्षसम्म रु. ४ करोड ९९ लाख ३९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ७ करोड ३६ लाख ३० हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा टिप्पणीहरु ८, १४, १७, सम्पत्ति तथा राजस्व लगायतका विवरणहरु खुलासा गरेको छैन ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने यस पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यस पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ।नगरकार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( राजेन्द्र राज ओझा )

नायब महालेखापरीक्षक

# चालु वर्षको बेरुजु

### बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ३८ | ३२ | २३८६७०४७ | ० | ४ | १७६३२० | ० | ३८ | २८ | २३६९०७२७ | ७६९००९१ | १२०४५४२१ | ११३२२१५ | ० | ० | १३१७७६३६ | २८२३००० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फर्स्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| लमजुङ | ४९९३९००० | ० | ० | ४९९३९००० | ० | २३६९०७२७ | ७३६२९७२७ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजु दफा नं. | बेरुजुको छोटकरी बेहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ५४ | सटरभाडा | ९९०००.० |
| २ | २०८०/८१ | ४० | वीमा शुल्क | ७५२०.० |
| ३ | २०८०/८१ | ६०.१ | गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम तर्फ | १९८००.० |
| ४ | २०८०/८१ | ३८ | असूल गर्नुपर्ने | ५००००.० |

# (८०४३७४०१३०० - बेसीशहर नगरपालिका, लमजुङ )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ११ वडा रहेको छ भने क्षेत्रफल १२७.६४ वर्ग किलोमिटर तथा ४४५९८ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।५।६ देखि २०८१ ।६।१८ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय — व्ययतर्फ रु.१७७०१६९०००।- को लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची — २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा औंल्याए पश्चात रु.२ लाख २० हजार असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

**एकीकृत आय-व्ययः** पालिकाको आर्थिक वर्ष २०८०।८१ को समग्र आर्थिक कारोबार समेटिने गरी तयार गरेको एकीकृत आर्थिक विवरणको संक्षिप्त अवस्था निम्नानुसार रहेको छः

| विवरण | रकम | जम्मा | विवरण | रकम | जम्मा |
|---|---|---|---|---|---|
| बैंक मौज्दात रकम (अ.ल्या) | | ६४८३७४१६ | क) कुल खर्च (पालिका तर्फ) | | ३०१२९९५७८ |
| ग-४-१सञ्चित कोष | ४१९१२६०९ | | चालु खर्च | १४४०८८०८८ | |
| धरौटी मौज्दात-ग-३ | ५४६७२९८ | | पूँजीगत खर्च | १५७२११४९० | |
| ग-५-१विविध कोष | ६१५९४१ | | ख)संघीय अनुदान खर्च जम्मा | | ३०५०६९५२० |
| ग-७-२प्रकोप कोष | ५०६४१३९ | | सशर्त अनुदान खर्च | २७६६८९०२९ | |
| ग-२-७विविध खर्च खाता | ११७७७४२८ | | समपुरक अनुदान | २४००००० | |
| संघीय वित्तीय हस्तान्तरण | | ४५५९३०८८० | विशेष अनुदान | ४३८०४९१ | |
| वित्तीय समानिकरण | १२२६६७००० | | ग)प्रदेश अनुदान खर्च जम्मा | | ८७८२४६५ |
| सशर्त अनुदान संघ | ३०४८८३३८० | | प्रदेश सशर्त अनुदान खर्च | ५५००४६५ | |
| समपुरक अनुदान | २४००००० | | प्रदेश समपुरक अनुदान खर्च | ३२८२००० | |
| विशेष अनुदान | ४३८०५०० | | घ)कार्यसंचालन कोष तर्फको खर्च | | |
| प्रदेश वित्तीय हस्तान्तरण | | २३४०२३९३ | बेसिशहर नगरपालिका प्रकोप व्यवस्थापन कोष | २९८७१८९ | २९८७१८९ |
| प्रदेश समानिकरण | १३५८३२५० | | विविध कोष ग-5-1 | ० | ० |
| सशर्त अनुदान | ६५३७१४३ | | विविध खर्च (ग-2-७)अन्तर्गत | | २३०६०२२९ |
| समपुरक अनुदान | ३२८२००० | | क- सडक वोर्ड-ग-2-7 | ५०२८५८१ | |
| आन्तरिक आयबाट प्राप्त | ३४५९३१५३ | ३४५९३१५३ | ख- प्रदेश स्थानीय शासन सहयोग कार्यक्रम | ३८१००० | |
| संघिय/प्रदेश/स्थानीय राजश्व बाँडफाँड | | १३३१२३७८९ | ग-पर्यटन मन्त्रालयबाट शोधभर्ना प्राप्त | १४११२२५० | |
| संघिय राजश्वबाँडफाँडबाट प्राप्त | १०१८३०३१३ | | घ-ठेक्का बैंक जमानत जफत रकम | २४७३३४४ | |
| प्रदेश राजश्वबाँडफाँडबाट प्राप्त सवारी साधन कर | १५६४१३०९ | | च- नेपाल टेलिकमबाट प्राप्त | १००००० | |
| स्थानीय राजश्ववाडफाँडबाट प्राप्त | | | ज-विद्युत प्राधिकरण | ९६५०५४ | |
| वाडफाँड भई प्राप्तदहत्तर वहत्तरको विक्रिबाट प्राप्त (६०प्रतिशत) | ४४२८३५६ | | ङ)अन्तरसरकारी अख्तियारी खर्च | | २१०१८६५१६ |
| घरजग्गा रजिष्ट्रेशन दस्तुर | १०८२४९९१ | | सामाजिक सुरक्षा तथा संरक्षण | १९०५५८०३४ | |
| वाडफाडबाट प्राप्त मनोरन्जन कर | १२००० | | गरिबसंग | ७२१८१२ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | विश्वेश्वर कार्यक्रम | | |
| बाँठफाँट प्राप्त विज्ञापन कर | ३८६८२० | | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३२४२००० | |
| अन्तरसरकारी अख्तियारी | | २१०१८६५१६ | पर्यटन पूर्वाधार विकास कार्यक्रम | १५६६४६७० | |
| सामाजिक सुरक्षा तथा संरक्षण | १९०५५८०३४ | | च)धरौटी खर्च(फिर्ता/ सदरस्याहा) | १७२८१३५ | १७२८१३५ |
| गरिबसंग विश्वेश्वर कार्यक्रम | ७२१८१२ | | छ)निकाशा फिर्ता | | |
| स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३२४२००० | | संघीय(ससर्त चालु ) निकाशा फिर्ता | २३३५१३३३ | २९२३१०३८ |
| पर्यटन पूर्वाधार विकास कार्यक्रम | १५६६४६७० | | संघीय(ससर्त पुँजीगत ) निकाशा फिर्ता | ४८४३०१८ | |
| कार्यसंचालन कोषतर्फको आय | | २६१३९३०९ | संघीय(विशेष ) निकाशा फिर्ता | ९ | |
| प्रकोप व्यवस्थापनको लागि अन्य स्रोतबाट सहायता कोभिड-१९-ग-७-२ | ० | ० | प्रदेश (ससर्त चालु) निकाशा फिर्ता | १०३६६७८ | |
| विविध खर्च खाताग-२-७ | ० | २२७८९३०९ | ज) बैंक मौज्दात | | ७०३१७५३६ |
| क- सडक वोर्ड-ग-२-७ | ४७३५२१५ | | ग-1-1 आन्तरिक राजश्व खाता | ० | |
| ख-पर्यटन मन्त्रालयबाट शोधभर्ना प्राप्त | १४११२२५० | | ग-1-2 बाँडफाडबाट प्राप्त राजश्व खाता | ० | |
| ग- प्रदेश स्थानीयशासन सहयोग कार्यक्रम | ३८१००० | | ग-1-३ आन्तरिक अनुदान खाता | ० | |
| घ-ठेक्का बैंक जमानतजफत रकम (संघीय कर दाखिला तथा राजश्व बांडफांड का लागि) | २४७३३४४ | | ग-2-2 चालु खर्च खाता (जोर वर्ष) | ० | |
| ज-विद्युतप्राधिकरण( त्रैलोकेश्वर मन्दिर/पत्रकार महासंघ भवन निर्माण) | ९८७५०० | | ग-2-४ पुँजीगत खर्च खाता (जोर वर्ष) | ० | |
| च- नेपाल टेलिकमबाटप्राप्त | १००००० | | ग-2-७ विविध खर्च खाता | ११५०६५०८ | |
| विविध कोष ग-५-१ | ३३५०००० | ३३५०००० | ग-३ धरौटी खाता | ८१८७९१४ | |
| धरौटी आय | ४४४८७५१ | ४४४८७५१ | ग-४-1 संचित कोष खाता | ४४५८०२२३ | |
| | | | ग-५-1 विविध कोष खाता | ३९६५९४१ | |
| | | | ग-६-1 विभाज्य कोष खाता | ० | |
| | | | ग-७-2 प्रकोप | २०७६९५० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | व्यवस्थापन कोष खाता | | |
| कुल जम्मा | ९५२६६२२०७ | ९५२६६२२०७ | कुल जम्मा | ९५२६६२२०७ | ९५२६६२२०७ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ वित्तीय विवरण

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

• स्थानीय तहले संचित कोषमा गत विगतको साविक नगरपालिका र गा बि स हरुबाट सरी आएको सम्पत्ती र दायित्व बाँकीको अवस्था समेत स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSAS अनुरूप) म ले प फा नं २७२ ले साविकको उक्त कारोवार समेत देखिने गरी आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन ।

• कार्यालयले आ.व. २०८०/८१ को लागि समेत बजेट तथा कार्यक्रम स्वीकृत गर्दा स्थानिय संचित कोषमा हुनसक्ने आम्दानी र खर्चको यथार्थतालाइ बिश्लेषण गरेर तर्जुमा गर्नुपर्नेमा सो बमोजिम भए गरेको पाइएन । यस स्थानिय सरकारको कार्यपालिका र सभाले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा र स्वीकृत गर्दा गराउदा आफ्नो अपेक्षित आम्दानी र खर्चलाइ बिश्लेषण गरेर मात्र यथार्थतामा आधारित भएर तर्जुमा गर्नुपर्ने देखिन्छ ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिका तथा गाउँपालिकाले प्रत्येक वर्षको साउन १ गतेदेखि आगामी वर्षको आषाढ मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नु पर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । कार्यालयले पेश गरेको वित्तीय विवरण यथार्थ र सही ढंगले तोकिए बमोजिमको ढाँचामा बन्नु पर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले संघिय तथा प्रादेशिक सरकारबाट हस्तान्तरित शशर्त बजेट तथा कार्यक्रम, संघिय र प्रादेशिक स्थानिय पुर्वाधार बिकास साझेदारी कार्यक्रम, धरौटी, प्रकोप व्यबस्थापन कोष, कर्मचारी कल्याण कोष, लगायतका कोष खाताहरु लगायतका कार्यक्रम तथा बजेट शिर्षकबाट भएको आम्दानी तथा खर्चहरुको लेखाकंन सुत्रमा राखि प्रतिवेदन समेत २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा तयार गर्नुपर्दछ।

• एकिकृत आर्थिक संकेत वर्गिकरण तथा व्याख्या २०७४ अनुसार चालू र पुजीगत शिर्षकमा रकम विनियोजन गरी खर्च गर्नुपर्नेमा कतिपय कार्यक्रम चालुवाट गर्नुपर्नेमा पुजीगत शिर्षक र पुजीगत शिर्षकवाट गर्नुपर्नेमा चालु शिर्षकवाट खर्च भएकोले उक्त व्याख्या अनुसार वजेट तयार तथा कार्यान्वयन भएको छैन। अतः खर्च शिर्षकले यथार्थ शिर्षकगत खर्च रकमको विवरण दिन सक्ने अवस्था रहेन। त्यसैले तोके बमोजिमका वित्तीय विवरण तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ।

## ३ अबण्डा बजेट

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु. ७५०००००/ अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको निर्णयबाट चालुतर्फ रु. ९४७५६२/, र पुजीगततर्फ रु. २७३०८३९/ खर्च गरेको छ । बजेट अबण्डमा राखी स्वविवेकी अधिकार प्रयोग गरी खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

४ **क्षेत्रगत बजेट र खर्च**

स्थानीय तहले एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ ।यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र सं | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ६६१३५००० | ५४५६३९६७.११ | ८.८७ |
| २ | पूर्वाधार विकास | १९१०१८००० | ३०७०५०३८० | ४९.९१ |
| ३ | सामाजिक विकास | ३५४१७६००० | १४४६२९६२८ | २३.५१ |
| ४ | सुशासन तथा अन्तर्सम्बन्धित क्षेत्र | २००७९६०० | ५२९३५९४ | ०.८६ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १४३६२१००० | १०३६१३९९३.३९ | १६.८५ |
| | जम्मा | ७७५०२९६०० | ६१५१५१५६२.९५ | १०० |

उल्लिखित विवरण विश्लेषणबाट निम्नानुसार देखिएको छ:

खर्च बिश्लेषणः यस पालिकाले अघिल्लो आ.व.२०७९/०८० बाट प्राप्त अ.ल्या मौज्दात रु. ४१९१२६०९/२४ यस बर्ष कुल आन्तरिक आय समेतबाट रु ३४५९३१५२/९१ र राजस्व बाँडफाँडबाट रु. १३३१२३७८९/४३तथा अनुदानबाट रु- ४७९३३३२७३/ समेत रु ६८८९६२८२४/५८ आम्दानी भएकोमा चालु तर्फ रु. ४२३१२०५९९/८४ र पुँजीगत तर्फ रु. १९२०३०९६३/११ समेत रु. ६१५१५१५६२।९५ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ५.६२ प्रतिशत रहेको छ । नगरपालिकाले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

५ **चौमासिक खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५(१) मा कार्यक्रम कार्यान्वन गर्ने प्रत्येक कार्यालये अनुसुचि २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले उपलव्ध गराएको निम्न विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति विश्लेषण गर्दा अन्तिम चौमासिक एवं विशेष गरी आषाढ महिनामा बढी खर्च गरेको देखिन्छ । यसरी वर्षान्तमा बढी खर्च गरी हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा अधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि नं | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| १ | पूँजिगत खर्चतर्फ | १९२०३०९६३/११ | १६८२४३८१ | ५०८८१९१५/७३ | १२४३२४६६६/३८ | ३७५७६९५८/५० |
| | जम्मा | १९२०३०९६३/११ | १६८२४३८१ | ५०८८१९१५/७३ | १२४३२४६६६/३८ | ३७५७६९५८/५० |
| | प्रतिशत | १०० | ८.७६ | २६.५० | ६४.७४ | १९.५७ |

६ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ ।

७ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको देखिएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन् ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा नगरपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको जनाएतापनि सो अनुरुप कार्यान्वियन भएको देखिएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिका तथा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयको क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको जनाएतापनि सो अनुरुप कार्यान्वियन भएको देखिएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजना बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना २०१५-३० लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• जिन्सी निरीक्षण प्रतिवेदन अनुसार विभिन्न मालसामान लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिने गरेको देखिएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा पालिकाले तयार गरेको जनाएता पनि सो बमोजिम खरिदको कार्य गरेको पाईएन।

• कार्यक्रमहरुको विस्तृत विवरण देखिने गरी कार्यक्रम अभिलेख खाता राखेको पाईएन।

• स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार नगरपालिकाबाट संचालन भएका विभिन्न योजनाको निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• वातावरण संरक्षणको एकिकृत दीर्घकालीन योजना तयार गरेको पाइएन ।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

• निजामती सेवा ऐन, २०४९ अनुसार कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।

• पालिकाका पदाधिकारीहरुको मासिक अनुगमन सुविधा भुक्तानी गर्दा अनुगमन प्रतिवेदन संलग्न गर्ने नगरेको ।

• पालिकाका पदाधिकारीहरुले प्रयोग गर्ने सवारी साधनमा इन्धनको कोटा निर्धारिण गर्ने नगरेको ।

• पालिका प्रमुखले पालिका क्षेत्र भन्दा बाहिर ३ दिन भन्दा बढी अवधीको भ्रमण आदेश यथा सम्भव अग्रीम रुपमा र अग्रीम रुपमा सम्भव नभए लगतैको कार्यपालिका बैठकबाट स्वीकृत वा अनुमोदन नगराई भ्रमणको ३/४ महिना पश्चातको कार्यपालिका बैठकबाट अनुमोदन गर्ने गरेको ।

• कतिपय भ्रमण खर्चको विल साथ भ्रमण प्रतिवेदन पेश गर्ने नगरेको ।

• मूल्य अभिवृद्धि करमा दर्ता नभएको फर्मसँग रु. २० हजार भन्दा कम रकमका विभिन्न विलहरु मार्फत मसलन्द तथा कार्यालय सामाग्री खरिद गर्ने गरेको छ ।

• कतिपय भ्रमण आदेशमा स्पष्ट काम उल्लेख नगरि कार्यालय सम्बन्धी काम मात्र उल्लेख गरेको छ।

• गोश्वारा भौचर साथ संलग्न विल भरपाई अनुसार हुने खर्चको तेरिज तयार गरी राख्ने गरेको छैन।

• पदाधिकारीलाई मासिक सुविधा अन्तर्गत पाउने सञ्चार सुविधाको अतिरिक्त मोवाइल रिचार्ज कार्डमा थप खर्च लेख्ने गरेकोले यसमा नियन्त्रण हुनु पर्ने देखिन्छ।

• विद्युत, पानी महशुल यथा समयमै भुक्तानी नगरी ढीलाई गर्दा थप दस्तुर समेत खर्च लेख्ने गरेको छ।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वियनमा आउन सकेको छैन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक गरेको छैन । केही सामान विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाइ आवस्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गर्ने र जिन्सी पनि वडाले नै वाध्ने गरेकोले नगरपालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाएको देखिएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधिको परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सोको पालना नभएको ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ८ आन्तरिक लेखापरीक्षण

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७७ उपदफा (२) र (३) मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरीक लेखा परीक्षण गराउनु पर्ने र आन्तरीक लेखापरीक्षणले औल्याएका कैफियत सम्वन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनु पर्ने उल्लेख रहेको छ ।आर्थिक कार्यबिधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ उपदफा (१) मा स्थानिय तहले लेखा तथा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण गर्नु गराउनु पर्ने उल्लेख रहेको छ । यस पालिकाले कार्यालयमा आन्तरिक लेखापरीक्षण शाखा गरेको जनाएतापनि उक्त शाखामा दक्ष जनशक्ति नभएको कारण उल्लेख गरी योवर्ष आन्तरिक लेखापरीक्षण गराएको छैन । नगरपालिकाले कानुन बमोजिम आन्तरिक लेखापरीक्षण शाखामा तोकिएको योग्यता पुरा भएको दक्ष जनशक्ति आवश्यक संख्यामा पदपुर्ति गरी स्वतन्त्र र वस्तुपरक रुपमा आन्तरिक लेखापरीक्षण गराइ समयमै प्रतिवेदन लिने र उक्त प्रतिवेदनमा औल्याएका व्यहोराहरुको यथाशिघ्र सुधार गरी गराइ आर्थिक प्रशासनलाइ कानुन बमोजिम थप चुस्त दुरुस्त तुल्याउन पहल गर्नुपर्ने देखिन्छ ।

## ९ सिफारिस

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा पालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । पालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, पञ्जिकरणको तथ्याङ्क तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ । यस नगरपालिका तथा अन्तर्गतका वडाबाट यस वर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ ।

| विवरण | सिफारिस भएको संख्या |
|---|---|
| जन्मदर्ता | ६३१ |
| मृत्युदर्ता | ३२७ |
| बसाईसराई भई आउनेको दर्ता | ६० |
| बसाईसराई भई जानेको दर्ता | ११४ |
| विवाह दर्ता | ३४७ |
| सम्वन्ध विच्छेद | ८५ |

१० **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रिया सम्बन्धि व्यवस्था छ । न्यायिक समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवाद दर्ता एवं फर्स्यौट विवरण अनुसार गतबर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ५ उजुरी रहेकोमा यस बर्ष विभिन्न विषयका ४५ वटा विवाद दर्ता भएकोमा जम्मा ५० मध्ये ४४ वटा फर्स्यौट भई यो वर्ष फर्स्यौट नभई ६ वटा बाँकी रहेको छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

११ **कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवामा आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यस वर्ष कर्मचारी कल्याण कोषमा गतबिगतको बाकी मौज्दात रु ६१५९४१/३६ र योवर्ष एकमुष्ठ बजेट बिनियोजन गरी सो बजेटबाट कर्मचारी कल्याण कोषमा रु. ३३५००००/ जम्मा गरी बर्षको अन्त्यमा रु ३९६५९४१/३६ बाकी मौज्दात रहेको जनाएको छ ।

(क) त्यसैगरी कार्यालयमा रहेका कोषहरुको अवस्था निम्नानुसार रहेको छ । यस्ता कोषहरुबाट हुने कारोवारको सम्वन्धमा पालिकाले उचित कार्यबिधीहरुको तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्न ध्यान दिनु पर्दछ ।

| सि नं | कोषको नाम | गतवर्षको अ. ल्या. | यसवर्षको आम्दानी | यसवर्षको खर्च | मौज्दात बाकी |
|---|---|---|---|---|---|
| १ | प्रकोप व्यवस्थापन कोष | ५०६४१३९ | ० | २९८७१८९ | २०७६९५० |
| २ | कर्मचारी कल्याण कोष | ६१५९४१।३६ | ३३५०००० | ० | ३९६५९४१।३६ |

१२ **आर्थिक सहायताः**

**आर्थिक सहायता**ः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । प्राप्त विवरण अनुसार यस स्थानीय तहले देहाय बमोजिम विभिन्न प्रयोजनको लागि यो वर्ष बिभिन्न २५८ जना व्यक्ति एवं संघ संस्थालाई रु.१०००। देखि रु. २५०००। सम्मका दरले पालिकामा नगर प्रमुख र वडामा वडाध्यक्षको तोक आदेशबाट जम्मा रु. १२३४२४६।आर्थिक सहायता वितरण गरेको बिबरण प्राप्त भएको छ।यस्तो खर्चमा कानुनको पूर्ण पालना गर्दै मितव्ययिता कायम गर्नु पर्दछ।

१३ **सहकारी संस्था**

साबिक डिभिजन सहकारी कार्यालयहरु मध्ये संघियताको कार्यान्वयन सँगसँगै ४८ वटा संस्था यस नगरपालिका हस्तान्तरण भई आएको मध्ये २ वटा संस्थाहरु एकिकरणमा गएकोमा थप २ वटा संस्थाहरु दर्ता हुन आएका छन् । जस मध्ये २५ वटा संस्थाहरु सक्रिय रहेको र २३ वटा संस्थाहरु निष्कृय रहेको विवरण प्राप्त भएकोमा निष्कृय रहेको संस्थाहरुमा सर्वसाधारणको पूँजी र सम्पत्ती के कस्तो अवस्थामा रहेको छ सोको जोखिमलाई न्यूनिकरण गरी सर्वसाधारणको सम्पत्ती र अधिकारको संरक्षणको सम्बन्धमा

नगरपालिकाले थप यथेष्ठ पहल गर्नुपर्ने देखिन्छ । यस सम्बन्धमा समवन्धित पदाधिकारी र कर्मचारीहरुको ध्यान जानु आवश्यक छ ।

सहकारी संस्थाहरुको प्रवर्द्धन र नियमनमा प्रभावकारीता ल्याउन एवं सहकारी क्षेत्रको एकिकृत तथ्यांकको आधार सिर्जना गर्न पालिका भित्र रहेका सक्रिय सहकारी संस्थाहरुलाई इन्टरनेटमा आधारित एकिकृत विद्युतिय व्यवस्थापन सूचना प्राणाली Software मा आवध्द गराउन र निष्कृय रहेका सहकारी संस्थाहरुलाई शेयर सदस्य र वचतकर्ताहरुको शेयर तथा बचत रकमको भुक्तानी पाउनु पर्ने वा तिनुपर्ने दायित्व समेत सुरक्षित हुने गरी नियमानुसार एकिकरण तथा खारेजीको प्रकृया अगाडी बढाउन पालिकाले थप पहल गर्नु पर्दछ ।

त्यसैगरी सहकारी क्षेत्रमा देखिएका विकृती तथा समस्याहरुलाई सुधार गर्न, सञ्चालन खर्चमा कटौती गरी उत्पादन क्षेत्रमा लगानी बढाउन, सदस्यहरुलाई प्रदान गर्ने सेवामा गुणात्मकता कायम गरी संस्थाहरुको दिगो विकास र स्थायीत्व प्रदान गर्न सहकारी ऐन २०७४ को दफा ८७ एवं यस पालिकाको सहकारी ऐन २०७४ बमोजिम सहकारी सस्थाहरुको एकिकरण विघटन तथा दर्ता खारेज गर्ने कार्यलाई व्यवस्थित गरी सहकारी संस्थाहरुको संख्यालाई चुस्त र दुरुस्त बनाउन एकिकरण, विघटन तथा खारेजी सम्वन्धी आवश्यक कानुन तथा कार्यविधि निर्माण गरी कार्यान्वियन गर्नुपर्दछ ।पालिकाको अनुगमन कार्यलाई सक्रिय र चुस्त बनाउन ध्यानाकषर्ण हुनुपर्दछ ।

१४ **पेश्की बाकीः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४७ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेश्की फछ्र्यौट सम्बन्धि व्यवस्था रहेको छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार निम्न व्यक्ती तथा संस्थाले देहाय बमोजिम लिएको म्याद ननाघेको रु.२३७६९५१२। र म्याद नाघेको रु.२८२३०००। समेत जम्मा रु. २६५९२५१२। मोबिलाइजेशन लगायत अन्य पेश्की आर्थिक वर्षको अन्त्य सम्ममा पनि फछ्र्यौट नभई बाँकी रहेको देखिएको हुदा नियमानुसार फछ्र्यौट हुनु पर्ने देखिएको रु २८२३०००।

| गौ भौ नं। मिति | पेश्की लिनेको नाम | पेश्की प्रयोजन | म्याद ननाघेको पेश्की बाकी रकम | म्याद नाघेको पेश्की बाकी रकम |
|---|---|---|---|---|
| १/२०८०/०४/०१ | कृष्चल/सन्तोष जे.भी | धुरपुरे दुइथोक विम्दा बाख्रेजगत सडक स्तरोन्नति | ८०, ०० , ०००.० | ० |
| १/२०८०/०४/०१ | कृष्चल/सन्तोष जे.भी | धुरपुरे दुइथोक विम्दा बाख्रेजगत सडक स्तरोन्नति | ८०, ०० , ०००. | ० |
| १/२०८०/०४/०१ | कोजु/ देशेमरु जे.भी | चण्डीस्थान (सारिङ) स्वास्थ्य चौकी भवन निर्माण | ० | २५, ७५ , ०००. |
| १/२०८०/०४/०१ | माछापुच्छ्रे/सुर्य जे.भी | उदिपुर नयाँगाउँ सडक स्तरोन्नति | २९, ४३ , ६.०० | ० |
| १/२०८०/०४/०१ | माछापुच्छ्रे/सुर्य जे.भी | उदिपुर नयाँगाउँ सडक स्तरोन्नति | १६, ७५ , ७.०० | ० |
| १/२०८०/०४/०१ | सिद्धि विनायक निर्माण सेवा | बेसीसहर न.पा. ४ पुरानोकोट स्वास्थ्य चौकी पुजिगत सुधार | ० | २, ४८ , ०.०० |
| ३६८/२०८१/०१/२७ | माछापुच्छ्रे/सुर्य जे.भी | सडक तथा पूल निर्माण | ११, ५० , ०००. | ० |
| ३७२/२०८१/०१/२७ | माछापुच्छ्रे/सुर्य जे.भी | सडक तथा पूल निर्माण | २, २४ , २१२. | ० |
| 15/२०८१/०२/२० | बि.एल.बि.कन्स्ट्रक्सन प्रा लि | ८ कोठे भूकम्प प्रतिरोधी विद्यालय निर्माण | ८, ८८ , ०००. | ० |
| १८/२०८१/०३/०९ | बि.एल.बि.कन्स्ट्रक्सन प्रा लि | ८ कोठे भूकम्प प्रतिरोधी विद्यालय निर्माण | ८, ८८ , ०००. | ० |
| | | जम्मा | २३७६९५१२ | २८२३००० |

| | |
|---|---|
| पेश्की | २८,२३,००० |

१५ **आन्तरिक आय**

पालिकाले पेश गरेको विवरण अनुसार यो बर्ष आन्तरिक आय रु ६२६३६०००। (स्थानिय राजस्व वाडफाडबाट प्राप्त आय समेत) सकलन गर्ने अनुमान गरेकोमा यस बर्ष आन्तरिक आय तर्फ रु. ५३४६२४४०। आम्दानी देखाएको छ । जून बार्षिक अनुमानित आय भन्दा १४.६५ प्रतिशतले घटी असूल भएको देखिन्छ । अनुमानित राजश्वको दायरा बढाई थप राजश्व संकलन गर्ने र आत्मनिर्भर हुने तर्फ पालिकाले ध्यान दिनु पर्ने देखिन्छ । आन्तरिक आय सम्बन्धमा देखिएका थप व्यहोरा निम्नानुसार छनः

आम्दानीको लेखाङ्कनः संघिय सरकाराको शसर्त अनुदान रकमबाट खर्च व्यहोर्ने गरी विगत वर्षमा ठेक्का नं ९ – ०७७।७८ निर्माण व्यवसायी पराजुली कन्स्ट्रक्सनबाट पुरानोकोट गढी भ्युटावर र वडा नं ४ मा पार्क निर्माण कार्य गरिएकोमा उक्त निर्माण कार्यको भुक्तानी रकम संघिय सरकारबाट विगतमा निकासा नआएको कारणले पालिकाले आफ्नो श्रोतबाट भुक्तानी दिएको जनाइएको थियो। उक्त रकम रु १,४१,१२,२५०।–संघिय सरकारबाट यो वर्ष निकासा प्रापत् भएकोमा रु ८५,८३,४३२।– रकम पालिकाको यो वर्ष घाटा बजेटबाट संचालित अन्य निर्माण कार्यहरुको भुक्तानी गरेको छ भने बाँकि रहेको रु ५५,२८,८१८ पालिकाको आन्तरिक आम्दानी नभई संघिय सरकारबाट निकासा प्रापत् रकम मध्येबाट ट्रान्सफर गरी बाधिएको आम्दानी भएको हुदा उक्त आन्तरिक आम्दानी यथार्थ चित्रण गरेको देखिएन।

१६ **घटी राजश्व दाखिला**

विद्यमान आर्थिक तथा आयकर सम्बन्धी कानुनहरु अनुसार सरकारलाई प्राप्त हुने राजश्व रकम सम्बन।धित सरकारको सम्बन्धित राजश्व शिर्षकमा दाखिला गर्नुपर्दछ। रिङ्वेवगर चिति मोटरेवल पुल घुम्ती देखी तल देउथान खोलासम्मको स्थानमा ९ हजार घनमिटर नदिजन्य पदार्थ उत्खनन गर्दा ठेकेदार श्री प्रवेश व्रदर्श काठमाडौबाट सम्झौता बमोजिम शुल्क रु ४०,०१,०००।– मुअ कर रु ५,२०,१३० र अग्रिम कर वापत रु ६०,०१५।– प्राप्त भएको छ। यसरी प्राप्त रकम मध्ये अग्रिम आयकरको रकम रु ६०,०१५ को सट्टा रु ५२,२१४ मात्र संगिय राजश्वको सम्बन्धित खातामा दाखिला गरेको देखिएकोले पालिकाले नपुग अग्रिम आयकर वापतको रकम संघिय राजश्वको सम्बन्धित खातामा दाखिला गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,८०१ |

१७ **राजश्व छुट**

यस पालिका सम्बन्धी प्रचलित कानूनहरुमा नगरप्रमुखले काणुन बमोजिम पालिकामा प्राप्त हुनुपर्ने राजश्व रकम छुट दिन सक्ने प्रावधान देखिएन। ढाँडधुरपुर कृषक समूहले कुलो मर्मत कार्यका लागी आवश्यक पर्ने ३० ट्रिप अर्थात २६४६ घनफिट ढुंगामा बालुवा प्रयोग गर्ने अनुमति पत्र माग गरेकोमा गण्डकी प।रदेश आर्थिक ऐनद्वारा तोकिएको प्रतिघनफिट दर रु ९।– मा मूअ कर, अग्रिम कर र १० प्रतिशत धरौटि समेतले हुने रकम तु २९,६४८ असुल गरी अनुमति पत्र दिनुपर्नेमा नगरप्रमुखले निवेदनमा तोक लगाई मिति २०८०।५।१८ मा कुनै शुल्क तथा कर नलिने गरी अनुमति पत्र दिने उल्लेख भए अनुसार अनुमतीपत्र प्रदान गरेको देखियो। यसप्रकार कानून विपरित शुल्क तथा कर छुट दिएबाट पालिकाको राजश्व घटी हुन गएकोलाई कानुन सम्मत भन्न मिल्ने नदेखिएको रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २९,६४८ |

१८ **नक्सापास दस्तुर**

स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद-७ दफा नं २७ देखी ४३ सम्म भवन निर्माण र घर जग्गाको नक्सापास सम्बन्धी प्रावधानहरु उल्लेख रहेका छन। कार्यालयले यो वर्ष ३४ जना सेवाग्राहीहरुबाट रु २ हजारका दरले निवेदन तथा नक्सापासबुक र नामसारी वापतको रु ६८,०००। रकम, ३८ जना सेवाग्राहीबाट रु ५०० का दरले घर अभिलेखीकरण र कायम गर्दाको निवेदन दस्तुर वापत रु १९,०००।– र १८१ जना सेवाग्राहीबाट घरजग्गा नक्सापास र सम्पन्न गरिदिए वापतको मुल्य रु १७,१९,९२०।९४ समेत हुने रकम रु १८,०६,९२०,९४ असुल गरेको देखियो। पालिका बासिन्दा लाई घर नक्सापास, अभिलेखीकरण हुन बाँकीको अभिलेखिकरण गराउन प्रोत्साहित गराउनु पर्ने देखिन्छ ।

१९ **ब्याज असुली**

यस पालिका र रत्नदेवी कन्स्ट्रक्सन एण्ड विल्डर्सबिच ठेक्का नं १७ र १८ बाट आव २०७९।८० मा मर्स्याङ्दी नदी चिती बरबोट खोलादेखी गैरी क्याम्पसको झो पुसम्म (कडेनी खण्ड) र चेपाङटार मुनी गाइखुरे छहरा पारि पट्टि (सिमलको रुखदेखी तलको भाग) को खण्डमा जम्मा भएको वालुवा तथा वालुवा मिसिएको ग्राभेल १२२४० घनमिटर उत्खनन, संकलन र विक्रिको अनुमती दिएकोमा प्राविधिक प्रतिवेदन अनुसार निजले ४७४९.०२ घन मि वालुवा बढी उत्खनन गरेको जनाई पालिकाले सोको शुल्क ११,७२,९१९ १३% मूअ कर रु १,६२,४६७ र आयकर रु १५,३०५ समेत रु १३,४०,५९१ थप असुल गराएको छ। उक्त सम्झौताहरुको दफा १० अनुसार यस प्रकार बढी उत्खनन गरेको पाइएमा १० प्रतिशत ब्याज समेत थप असल गरिने व्यहोरा उल्लेख छ। पालिकाले उक्त थप परिमाणको रकममा सम्झौता बमोजिमको ब्याज असुल गरेको नदेखिएकाले निजबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३४,०५९ |

२० **ढिलागरि राजश्व दाखिला**

आर्थिक कार्यविधी तथा वित्तिय उत्तदायित्व ऐन २०७६ को दफा २८मा आफ्नो जिम्मा आएको सरकारी नगदी सोही दिन वा सोको भोलिपल्ट यथास्थानमा दाखिला गर्नुपर्ने र मनासिव माफिकको कारणले दाखिला गर्न नसकिने भए कारण खुलाई एक तह माथीको अधिकारी समक्ष म्यादथप माग गर्न सक्ने र तोकिएको समयमा दाखिला नगरेमा दाखिला गर्न वाँकी रकमको १० प्रतिशत जरीवाना गरी कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिमको कारवाही गर्नुपर्ने उल्लेख रहेको छ। यो वर्ष पालिका मातहतका ११ वटा वडा कार्यालयहरुले देहाय बमोजिम रु १,४६,५२,४९७ नगद आम्दानी गरेकोमा उक्त अवधी भन्दा धेरै ढिला हुनेगरी कतिपयले महिनाको एकपटक एकमुष्ठ रुपमा प्राप्त नगद आम्दानी रकन पालिकाको बैंक खातामा दाखिला गर्ने गरेको देखियो। यसप्रकार वडाहरुबाट ढिला गरी दाखिला गर्ने गरेकोमा पालिकाले उक्त कानुन बमोजिम लाग्ने जरिवाना रकम समेत असुल गरेको छैन। यसमा पालिकाको ध्यान गई कानुन बमोजिम सुधार हुनुपर्छ ।

| **सिनं** | **वडानं** | **वर्षभरिमाबैंकदाखिला** | |
|---|---|---|---|
| | | **पटक** | **रकम** |
| १ | १ | १३ | ८,२५,०५०।५६ |
| २ | २ | १४ | १५८३०८६।१० |
| ३ | ३ | १३ | १२,०३,८५८।०६ |
| ४ | ४ | १२ | ४४७,९५८।७८ |
| ५ | ५ | १७ | ६२१,५६७।१९ |
| ६ | ६ | १५ | ९१९,२५४।७४ |
| ७ | ७ | १८ | ३१४८५३१।८९ |
| ८ | ८ | १४ | २६०७५७७।५९ |
| ९ | ९ | १३ | ७०७५७३।४३ |
| १० | १० | १४ | १०५४५५९।२९ |
| ११ | ११ | १२ | १५३३४८९।३३ |
| | **जम्मा** | | **१४६,५२,४९७।** |

सुधारको लागि सबै वडा कार्यालयहरुलाइ पत्र लेखिएको व्यहोरा कार्यालयले जनाएको छ ।

२१ **ढुंगा तथा बालुवा बिक्रिको अनुमती शुल्क**

पालिकाको वडा नं २ स्थित सिता खड्कालाई निजको निजी जग्गामा रहेको ढुंगा तथा वालुवा २३,३०७.२४ घनफिट विक्रिको लागी कार्यालयले अनुमति पत्र दिएको छ। यसरी अनुमती पत्र प्रदान गर्दा गण्डकी प्रदेश सरकारले आर्थिक ऐन मार्फत तोकेको प्रति घनफिट रु ९।– का दरले हुने रकममा मूअ कर, अग्रिम कर र १० प्रतिशत धरौटी समेतले हुने रकम रु ७७,३९२।– रकम निजबाट असुल गरी राजश्व र धरौटीका सम्बन्धित शिर्षकहरुमा दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७७,३९२ |

## २२ विज्ञापन शुल्क

पालिका र आकृति एडभरटाइजिङ विराटनगर-३ बिच भएको सम्झौता बमोजिम निजले मिति २०८०।५।१३ मा रु ३,०७,००० र मिति २०८१।३।२२ मा रु ३,३७,७००।– समेत रु ६,४४,७०० पालिकालाई विज्ञापन शुल्क वापतको रकम दाखिला गरेको छ। उक्त रकमको मू अ कर १३% रु ८३,८११। मध्ये रु ३९९१०। मिति २०८०।५।१३ मा मू अ कर खातामा दाखिला गरेको छ। नपुग मू अ कर रकम रु ४३९०१ ।र १.५% अग्रिम कर रकम रु ९६७१। निजबाट असुल गरि संघिय राजश्वको सम्बन्धित शिर्षकमा दाखिला गरेको नदेखिएको हुँदा उक्त रकम निजबाट असुल गरी संघिय राजश्वको सम्बन्धित शिर्षकहरुमा दाखिला गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५३,५७२ |

## २३ थप परिमाणको शूल्क,दस्तुर,कर र ब्याज असुली

यस पालिका र आशिष निर।माण सेवाबिच ठेक्का नं १५-०७९।८० बाट मर्स्याङ्दी नदी बाँध क्षेत्र (छहरामुनी वारी पट्टिको भाग) को खण्डमा जम्मा भएको बालुवा तथा बालुवा मिसिएको ग्राभेल ७९८० घनमिटर मात्र उत्खनन संकलन र बिक्रिको लागी अनुमती दिएकोमा पालिकाको प्राविधिक प्रतिवेदनले १३४५७.१० घमि बढी उत्खनन गरेको जनाई उक्त बढी परिमाणको नियमानुसार लाग्ने रकम रु ३३,२३,३६६ सोको १३ प्रतिशत मूअ कर रु ४,३२,०३८ र आयकर १.५% रु ४३,३७०।– समेत हुने रु ३७,९८,७७३।– असुल गर्न भनि पालिकाले च न २२१७ मिति २०८१।३।७ मा निजलाई पत्राचार गरेको छ। निजसँग भएको उक्त सम्झौताको दफा १० मा यस प्रकार बढी उत्खनन गरेको पाइएमा १० प्रतिशत ब्याज समेत थप असुल गरिने व्यहोरा उल्लेख छ। तसर्थ निजले गरेको उत्खनन थप परिमाणको नियमानुसार लाग्ने उक्त रकममा १० प्रतिशत ब्याज रु ३७९८७७।– समेतले हुने रकम निजबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४१,७८,६५० |

## २४ दस्तुर, कर र ब्याज असुली

यस पालिका र राजा कन्स्ट्रक्सन बिच ठेक्का नं १६-०७९।८० बाट मर्स्याङ्दी नदी आकाशेभिरको डिलमुनीबाट चिप्लेटीको पुल माथीको भागको खण्डमा जम्मा भएको बालुवा तथा बालुवा मिसिको ग्राभेल १९२०० घनमिटर मात्र उत्खनन, संकलन र विक्रिको लागी अनुमती दिएकोमा पालिकाको प्राविधिक प्रतिवेदन अनुसार ९०९२.९२ घनमिटर वालुवा बढी उत्खनन गरेको जनाई उकत बढी परिमाणको नियमानुसारले लाग्ने रकम रु २२,४५,५८८ ।सोको १३ प्रतिशत मूअ कर रु २,९१,९२६। र १.५% आयकर रु २९,३०५। समेत रु २५,६६,८१९ ।असुल गर्न भनि पालिकाले चनं २२१८ मिटि २०८१।३।७ बाट पत्राचार गरेको छ। निजसँग भएको उक्त सम्झौताको दफा १० मा यसप्रकार बढी उत्खनन गरेको पाइएमा १०% ब्याज समेत थप असुल गरिने व्यहोरा उल्लेख छ। तसर्थ निजले गरेलप उत्खननको थप परिमाणको नियमानुसार लाग्ने उक्त रकममा १०% ब्याज रु २,५६,६८२। समेतले हुने रकम निजबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २८,२३,५०१ |

## २५ घटीवालासँग आय ठेक्का

गैरी वगरघाट उदिपुरको झोलुङ्गे पुलदेखी साधखोलासम्मको क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन गरी विक्रि गर्न आय ठेक्का नं ८-०८०।८१ बाट ७५० घनमिटरको लागी न्युनतम कवोल लागत रु २ लाख कायम गरी आह्वान गरेको शिलबन्दी ठेक्का प्रस्तावमा ३ वटा प्रस्तावहरु पेश हुन आएकोमा दोश्रो बढी र तेस्रो बढी कवोल अंक प्रस्ताव गर्ने २ वटा प्रस्तावहरु अयोग्य ठहरी प्रथम बढी अंक कबोल गर्ने प्रस्तावक सवनम कन्स्ट्रक्सन, दुधपोखरी-३ को कवोल अंक रु २,३०,०००। योग्य रही सारभुत रुपमा प्रभावग्राही ठहरिएको देखियो। कार्यालयले उक्त प्रस्तावलाई स्विकृत नगरी रद्ध गरेर पूनः ठेक्का आह्वान गरे बमोजिम उक्त ३ प्रस्तावकहरु भन्दा बढीको अर्को

एकमात्र प्रस्तावक सन्तोष निर्माण सेवाको रु २,०३,००० ।कवोल अंक रहेको प्रस्ताव पेशमा उक्त प्रस्ताव स्विकृत गरेको छ। उपरोक्त बमोजिम ठेक्का आह्वान गर्दा प्रदेश कानुनले तोकेको प्रति घनमिटर रु ९ हुनुपर्नेमा भुलवश रु ७।– कायम भएकोले प्रति घनमिटर रु ९।– का दरले हुने न्युनतम मुल्याङ्कन रु २ लाखको सट्टा रु २,३८,१४०। न्यूनतम कबोल अंक लागत समावेश गरी सोही अंकलाई नै निज सन्तोष निर्माण सेवाको कवोल अंक कायम गरी मिति २०८०।६।५ मा सम्झौता गरिएको छ। यसप्रकार आह्वान गरेको ठेक्कामा योग्य ठहरिएको एकमात्र प्रस्तावलाई स्विकृत नगरी पुनः ठेक्का आह्वान गरेबाट कार्यालयलाई विक्रि मुल्य रु ३५,७२१ ।सोको मु अ कर १३% रु ४६४४ ।र १.५% अगृम करम रु ५३६। समेत घटी राजश्व असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४०,९०१ |

२६ **विद्युत महशुल**

१७७।२०८०।७।२३ गणडकी प्रदेश खर्चको मापदण्ड, २०७९को दफा १६(२) बमोजिम पानी, बिजुली, टेलिफोनको महसुल मिटर रिडिङ्ग पछि तोकिएको समयमा नै भुक्तानी गर्दा रिवेट (छुट) पाउने हकमा यस्तो भुक्तानी समयमा नै गरी जरिवाना नतिर्ने र नियमनुसारको छुट सुविधा लिने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । यस नगरपालिकले आश्विन र कार्तिक महिनाको बिजुली महसुल रु.४१८२९०। भुक्तानी गर्दा नेपाल बिधुत प्रधिकरणलाई समयमा महसुल नतिरेकोले रु.८२०८७। जरिवाना तिरेकोले पालिकालाइ बढी दायित्व श्रृजना भएकोले नियमसम्त नभएको रु...

| | |
|---|---|
| अनियमित भएको | ८२,०८७ |

२७ **. खाना तथा विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविध तर्फ रु... ४२३९३९। खर्च गरेको बिबरण प्राप्त भएको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

२८ **पदाधिकारी सुविधा**

गण्डकी प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन अनुसार पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिमको रकम नबढ्ने र दोहोरो नपर्ने गरि सुविधा पाउने व्यवस्था गरेको छ । यस पालिकाले आर्थिक वर्ष २०८०।८१ मा ५९ जना पदाधिकारीहरुलाइ रु १३४०३०००/ पदाधिकारी सुविधा, रु १,७२,७९०/- पदाधिकारीको खाना तथा खाजा र रु १४३९८५/ पदाधिकारीको अनुगमन तथा दैनिक भ्रमण तथा भत्तामा खर्च लेखि भुक्तानी गरेको बिबरण प्राप्त भएको छ । कानुन बमोजिमको रकम दोहोरो नपर्ने गरि भुक्तानी हुने व्यवस्था मिलाउनु पर्दछ ।

२९ **कर्मचारी दरवन्दी तथा करार**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । उपदफा ४ मा कर्मचारीको दरवन्दीको प्रस्ताव तयार गर्दा स्थायी कर्मचारीको लागि चाहिने तलव, भत्ता, सन्चयकोष कट्टी रकम, योगदानमा आधारित उपदान वा निबृत्तिभरण, औषधीउपचार सम्वन्धित बिदा जस्ता सेवा सुबिधाको लागि लाग्ने खर्च व्यहोर्ने श्रोत समेतको बिस्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुनेगरी मात्र दरवन्दी स्वीकृत गर्नुपर्ने प्रावधान रहेको छ । यस पालिकालाइ बिगत बर्षमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विभिन्न पदमा ९६ जनाको दरवन्दी स्वीकृत गरेकोमा पालिकाको सभाले २१७ जनाको दरवन्दी स्वीकृत गरी सो मध्ये १०१ (२१ जना कार्यक्रमको समेत) जना (कार्यालय र स्वास्थ्य संस्था समेत)कर्मचारीहरु करारमा राखी रु.२००८५८२५/भुक्तानी दिइ खर्च लेखेको बिबरण प्राप्त भएको छ । कार्यालयले संगठन व्यवस्थापन र सर्भेक्षण गरेर थप दरवन्दी स्वीकृत गरेको जनाएतापनि आन्तरिक श्रोतको बिश्लेषण र दिगो व्यवस्थापन बेगर नै सभाले दरवन्दी थपगर्नु र करारमा नियुक्ति गरी भुक्तानी गरेको कार्यलाई यथार्थमा आधारित भएर गरिएको भन्न मिल्ने देखिदैन ।

३० **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। पालिकाले यो वर्ष रु. १०३७०६०.७० को औषधी एक बोलपत्रको माध्यमबाट, रु. १३३६१८२।५०मुल्यको औषधी बिभिन्न ३ बिक्रेताबाट शिल्डबन्दी दरभाउपत्रबाट र रु.९२०९५७।८५ मुल्यको बिभिन्न ४ बिक्रेताबाट सोझै वा खुला दरभाउपत्रको माध्यमबाट खरिद गरी औषधी खरिदमा जम्मा रु. ३२९४२०१। भुक्तानी गरेको बिबरण प्राप्त भएको छ।औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसार कै औषधी प्राप्त भए नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरुको जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

(क) औषधी खरिद टुक्राएको – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (२) मा प्रतिस्पर्धा सिमित हुने गरी खरिद टुक्राउन नहुने व्यवस्था छ । सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा रु.२५ लाखसम्मको खरिद कार्य उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा सुचना प्रकाशन गरी तोकेको बिक्रीमुल्यमा सोझै खरिद गर्न सकिने प्रावधान रहेको छ र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष स्वास्थ्य तर्फ औषधी तथा उपकरण र सर्जिकल औजार खरिद गर्दा सार्वजनिक खरिद नियमावलीको नियम ८ अनुसार खरिदको योजना तथा प्याकेज बनाइ बोलपत्रको माध्यमबाट एकमुष्ट रुपमा प्रतिस्पर्धा गराएर खरिद गर्नुको साटो देहाय बमोजिम एक वटा बोलपत्रको माध्यमबाट, ३ वटा शिल्डबन्दी दरभाउपत्रको माध्यमबाट र ४ वटा खरिदलाइ सोझै तथा खुल्ला दरभाउपत्र लिएर खरिद गरेको देखियो । यसप्रकार खरिद गरेको मध्ये बोलपत्रबाट भएको खरिदमा पर्याप्त र स्वस्थ्य प्रतिस्पर्धा भइ स्वीकृत लागत अनुमान भन्दा ६४.२४ प्रतिशत घटी दरमा प्रस्ताव स्वीकृत भइ खरिद गरिएको छ भने शिल्डबन्दी दरभाउपत्रको माध्यमबाट गरेको खरिदम शुन्य देखि २४.३८ प्रतिशतसम्म र बाकी ४ वटा सोझै दरभाउपत्र लिएर खरिद गरेका खरिदहरुमा स्वीकृत लागत अनुमान भन्दा शुन्य प्रतिशत घटी दरमा खरिद गरेको देखियो ।

| खरिदको बिबरण | लागत अनुमान | खरिद बिधि | प्राप्त प्रस्ताब | प्रथम घटि प्रतिशत | आपुर्ति कर्ता | संझौता रकम | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|
| औषधी तथा सर्जिकल सामाग्री | २८९९९५० | इ-विडिङ | ४ | ६४.२४ | चुनचुन फर्मसी | १०३७०६० | १०३७०६० |
| क्याल्सियम चक्की | १९९९६२ | कोटेशन | ३ | २४.३८ | मेडिसेल्स फर्मा,भरतपुर | १५१२०० | १५१२०० |
| टि.टि खोप लगायतका खोप सामाग्री | १९९९८३ | कोटेशन | ३ | ७.४४ | ग्रिनलाइफ फर्मा,काठमाण्डौं | १८५११४ | १८५११४ |
| औषधी तथा सर्जिकल सामाग्री | ९९९८६८.५ | कोटेशन | ३ | ० | मेडिसेल्स फर्मा,भरतपुर | ९९९८६८.५ | ९९९८६८.५ |
| औषधी खरिद | | खुल्ला दर भाउपत्र | ३ | ० | वाराही भेट फर्मा | ४३३७८० | ४३३७८० |
| औषधी खरिद | | खुल्ला दर भाउपत्र | ३ | ० | शिवसारथी भेट फर्मा | २६७५७७.८५ | २६७५७७.८५ |
| उपचारको लागि आवश्यक सामाग्री खरिद | | खुल्ला दर भाउपत्र | ३ | ० | त्रियासा ट्रेडिङ | ११०३१७ | ११०३१७ |
| प्रयोगशाला संचालनको लागि सामाग्री खरिद | | खुल्ला दर भाउपत्र | ३ | ० | त्रियासा ट्रेडिङ | १०९२८३ | १०९२८३ |
| जम्मा | | | | | | | ३२९४२०१ |

(ख) औषधीको सदुपयोगः आर्थिक कार्यबिधी तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ को दफा ५५ मा सरकारी सम्पत्तिको संरक्षण तथा तोकिएको प्रयोजनमा प्रयोग गर्नुपर्ने सम्वन्धमा उल्लेख रहेको छ । नियमावली,२०७७ को नियम ९४ मा सरकारी सम्पत्तिको जिम्मा र संरक्षण सम्वन्धमा प्रावधानहरु रहेका छन् । कार्यालयमा गतवर्ष खर्च नभइ योवर्ष मौज्दात सरि आएका, योवर्ष आफैले खरिद गरेका र संघिय तथा प्रदेश सरकारका सम्वन्धित बिभिन्न निकायबाट बिभिन्न समयमा हस्तान्तरण भइ आएका समेतका औषधी, सर्जिकल समान

तथा उपकरणहरुको पालिका केन्द्रमा रहेका र मातहतका स्वस्थ्य संस्थामा रहेका औषधी तथा सर्जिकल सामानहरु र उपकरणको कायम मान्य अवधि समेत देखिनेगरी कार्यालयले अभिलेख अद्यावधिक गरेको देखिन आएन । कार्यालयबाट प्राप्त बिबरण अनुसार निम्नानुसार बिभिन्न परिमाणका औषधीहरु यो आ व २०८०।८१ को अन्त्यमा म्याद समाप्त भइ प्रयोगमा ल्याउन नसकिने अवस्थामा पुगेको देखियो । जसमध्ये केहीको मुल्य समेत नखुलेको व्यहोरा प्राप्त बिबरणबाट देखियो । यसप्रकार औषधीहरु नोक्सानी हुनुमा प्रदेश सरकारका निकायहरुले घटी म्याद भएका औषधीहरु पठाएबाट सो अवस्था श्रृजना हुन गएको व्यहोरा लेखापरीक्षणको क्रममा जनाइएको छ ।

| सि नं | औषधीको नाम | प्राप्ति (खरिद/प्रदेश सरकार/संघिय सरका) | म्याद समाप्त मिति | परिमाण | मुल्य रु |
|---|---|---|---|---|---|
| 1 | Antacid tab. | Local | 2023-9-30 | 2300 | 23 |
| 2 | Albendazole 400mg tab. | Pardesh | 2024-6-30 | 600 | 1374 |
| 3 | Amoxycilline 250mg tab. | Pardesh | 2023-12-31 | 800 | 1264 |
| 4 | Azithromycine 500mg | Local/Pardesh | 2023-10-31 | 289 | 725 |
| 5 | Ciprofolxacin 500mg | Pardesh | 2023-12-31 | 4850 | 12852.5 |
| 6 | Depo inj. | Pardesh | 2023-11-30 | 2041 | 187.98 |
| 7 | Dexamethsone inj. | Local | 2023-6-24 | 6 | 0.06 |
| 8 | Doxycycline 100mg | Pardesh | 2023-6-24 | 515 | 1545 |
| 9 | Gentamycine inj. | Pardesh | 2024-1-31 | 12 | 264 |
| 10 | HIV test kit | Pardesh | 2023-10-26 | 68 | 6868 |
| 11 | Hyosine 10mg | Local | 2023-7-31 | 320 | 2400 |
| 12 | Implant | Pardesh | 2023-9-30 | 18 | 0 |
| 13 | Depo inj. | Pardesh | 2023-11-30 | 50 | 39 |
| 14 | Iron folic acid | Pardesh | 2023-5-31 | 69280 | 61659.2 |
| 15 | IUCD | Pardesh | 2023-3-31 | 4 | 0 |
| 16 | Lignocaine inj. | Local | 2023-2-28 | 10 | 390 |
| 17 | Malaria kit | Pardesh | 2023-11-30 | 12 | 465 |
| 18 | Metformin 500mg tab. | Local | 2024-5-31 | 210 | 0.01 |
| 19 | Metronidazole inj. | Pardesh | 2024-6-30 | 4 | 128 |
| 20 | Metronidazole 400mg tab. | Local/Pardesh | 2024-6-30 | 4050 | 4955 |
| 21 | Normal salaine soln. | Local | 2023-6-30 | 10 | 0.1 |
| 22 | Oral contraceptive pills (OCP) | Pardesh | 2023-1-31 | 222 | 5199.24 |
| 23 | Ringer Lactate soln. | Local | 2024-4-30 | 33 | 1045 |
| 24 | Salbutamol 4mg | Local | 2023-5-30 | 1300 | 3653 |
| 25 | Silver sulfadizine ointment | Local | 2023-11-30 | 16 | 0.16 |
| 26 | Vit. A cap. | Pardesh | 2023-4-30 | 266 | 523 |
| 27 | Zinc sulphate 20mg tab. | Local/Pardesh | 2023-11-30 | 2250 | 1767.5 |
|  | जम्मा रु |  |  |  | 113839 |

## ३१ सामाजिक सुरक्षा

नगरपालिकाले यस बर्ष सामाजिक सुरक्षा शिर्षकमा शुरु बजेट रु १८१८७३०००/- र थप भइ प्राप्त बजेट रु ९६७५५०४/- गरी जम्मा अन्तिम बजेट रु १९१५४८५०४/-मध्ये नगरपालिकाले जम्मा रु १९०५५८०३३/- निकासा भएकोमा बाँकी बजेट रु ९९०४७०/-

रहेको र सामाजिक सुरक्षा भत्ता वापत आ.व. २०८०/०८१ मा कुल रु १९०३६९५८६/०१ वितरण भई २०८०/०८१ को मृतक लाभग्राहीको जम्मा फिर्ता रकम रु १८८४४६/९९ संचित कोषमा फिर्ता दाखिला भएको श्रेस्ता परीक्षण गर्दा निम्नानुसार व्यहोरा देखियो ।

(क) सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नविकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नविकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने बैंक मार्फत वितरण गर्नुपर्ने नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरी अध्यावधिक गर्ने जस्ता जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानिय निकायको हुने व्यवस्था गरेको छ ।लेखापरीक्षण योजना अनुसार वितरण अवस्थाको तथ्याङ्क परीक्षण गर्दा बैंक मार्फत वितरण गरेको भत्ताको अध्यावधिक प्रगति प्रतिवेदन लिने गरेको देखिएन । निश्चित समय अन्तरमा लगत अध्यावधिक नभएकोले मृत्यु भई लाभग्राही सुचिबाट लगत कट्टा हुनुपर्ने व्यक्तिको नाममा समेत बैंकमा निकासा जाने गरेको देखियो । लाभग्राही लागत अद्यावधिक गरि सोही आधारमा निकासा वयवस्थापन गर्नुपर्छ ।

(ख) सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३(५) मा खाता संचालन गर्ने बैंक तथा वित्तिय संस्थाले निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र सम्बन्धित स्थानिय तहका साथै विभागलाई उपलव्ध गराउनु पर्ने उल्लेख छ । लेखापरीक्षणको क्रममा निष्क्रिय लाभग्राहीको खाता माग गर्दा उपलब्ध गराएको छैन । नगरपालिकाले निष्क्रिय लाभग्रहीको खाताको विवरण माग गरी लगत अद्यावधिक गर्नु पर्दछ।

(ग) सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५, को परिच्छेद ४, दफा १६ मा स्थानिय तहले सम्बन्धित वडा कार्यालय मार्फत प्रथम चौमासिक असोज १ गतेबाट दोस्रो हप्ताभित्र, दोस्रो चौमासिक माघको १ गते बाट दोस्रो हप्ता भित्र र तेस्रो चौमासिक जेठको १ गतेबाट दोस्रो हप्ताभित्र वितरण गर्नुपर्ने भएकोले समयमै सामाजिक सुरक्षा भता वितरण गर्नुपर्ने र सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको विवरण समयमै अद्यावधिक हुन नसकेको देखिएकोले समयमै अद्यावधिक गर्नुपर्ने देखिन्छ ।

३२ **स्यानिटरी प्याडः**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १९४४ जना रहेका छन। पालिकाले भौ. नं.२३१ बाट १८,१२५ थान स्यानिटरी प्याड रु. ५,८८,२२१।०० (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाईएन साथै पालिकाद्धारा विद्यालयमा उक्त प्याडको प्रयोग र व्यवस्थापन सम्वन्धमा अनुगमन गर्नुपर्दछ।

३३ **दिवा खाजा:**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को २.८.७ को ङ मा दिवा खाजा व्यवस्थापन गर्नकालागि आ व को सुरुमै ईमिस मा विद्यार्थिको खङ्ख्या समावेश गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाका विभिन्न बाल बिकास केन्द्रमा इमिसमा दर्ता नभइ निम्नानुसारको दिवा खाजा वितरण गरेको नियम संगत नदेखिएको रु

| वाल विकास केन्द्र | चार किस्ताको दिवा खाजा बापतको रकम रु |
|---|---|
| प्रगतिशिल बाल विकास केन्द्र विम्वादेवि | २०१९० |
| सरस्वती बाल विकास केन्द्र पाखाथोक | ४६७४० |
| बालज्वती शिसु विकास केन्द्र साम्दी | २५०८० |
| नवदिप बाल विकास केन्द्र बगैचा | १०५९० |
| सुनकोट हिलटप बाल विकास केन्द्र | १५४६५ |
| सेतो गुँरास बाल विकास केन्द्र | २४१६५ |
| सूर्य किरण बाल विकास केन्द्र | १६२४५ |
| जम्मा | १५८४७५ |

| | |
|---|---|
| अनियमित भएको | १,५८,४७५ |

३४ **प्राविधिक भत्ता**

प्रदेश खर्च मापदण्ड, २०७९ को दफा १५(१) सम्बन्धित निकायको कार्यक्षेत्र भित्र पर्ने नियमित प्रकृतिको काम गरे बापत तलब बाहेकको अन्य थप सुविधा एवं अतिरिक्त भत्ता लिन पाइने छैन । दफा १५(३) बमोजिम दैनिक काम वाहेक अनिवार्य रुपमा थप काम गर्नु पर्ने अवस्थामा थप कामको विवरण र कारण सहित अधिकार प्राप्त अधिकारीको पूर्व स्वीकृति लिएर मात्र त्यस्तो काममा लगाउने र सो वापत तोकिएको सुविधा खर्च लेख्दा कार्यसम्पन्न भएको प्रगति विवरण समेत पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले नगर सभाको निर्णय अनुसार प्राविधिक तर्फका कर्मचारीलाई दैनिक भ्रमण भत्ताको सट्टा मासिक प्राविधिक भत्ता भुक्तानी दिने भनि निर्णय गरेको छ । कार्यालयले योवर्ष १३ जना प्राविधिक कर्मचारीलाइ पूजिगत खर्च शिर्षकबाट रु ६६३८००। प्राविधिक भत्ता भुक्तानी दिएको छ।यस प्रकारको भत्ता रकम पुजिंगत बजेटबाट खर्च लेख्नेकार्य कानुनसम्मत देखिदैन। लेखापरीक्षणको क्रममा दैनिक भ्रमण अभिलेख पुस्तिका परीक्षण गर्दा प्राविधिक कर्मचारीहरुले पालिकाको योजनाहरु अनुगमन तथा अन्य काम गर्दा समेत पुन दैनिक भ्रमण भत्ता भुक्तानी लिएको देखिएबाट उक्त भुक्तानीसंग दोहोरो सुबिधा परे नपरेको सम्वन्धमा यकिन गरिनु पर्दछ ।

३५ **शिर्षक फरकः**

१२४५।२०८१।३।२१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ अनुसार स्वीकृत बजेट भित्र तोकिएको कार्यक्रम तथा खर्च शिर्षकको परिधीभित्र रही खर्च गर्नुपर्ने उल्लेख छ ।कार्यालयले सिसिटिभि लगायतका मालसमान खरिद गर्दा सम्वन्धित शिर्षकबाट खरिद गर्नुपर्नेमा विपद सम्बन्धि शिर्षकबाट रु.२४७८६५।को सामान खरिद गरेकोले नियमसम्मत नभएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,४७,८६५ |

३६ **जग्गा भाडाः**

२४३।२०८०।८।२७ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३ बमोजिम अन्य सेवाको लागत अनुमान तयार गरी तोकिएको खरिद बिधि अनुसार खरिद गर्नु पर्दछ । साथै नियम ९४ को उपनियम ११ मा काठमाडौं बाहिर बार्षिक पाँच लाख रुपैयासम्मको घरजग्गाको भाडा तिर्नु पर्ने गरी घर जग्गा भाडामा लिनु परेमा उपनियम १ बमोजिमको प्रक्रिया पुरा गरी घर जग्गा भाडामा लिनुपर्ने व्यवस्था छ । कार्यालयले वडा

नं १ रिठेबगर तिलाहार सडक पर्ने नदीमा आएको वहावको कारण बाटो कटान भएकोले मानिस तथा पशुजन्यलाई आवत जावत गर्न नमिने भएकोले पालिकाले बाटो बनाउने कुनै प्राविधिक सरसल्लाह नगरीकन जग्गाधनी राजुमान गुमाजुको निजि जग्गाबाट बाटो खोल्नको लागि ५ रोपनी ४ आना जग्गा बि.स. २०८० श्रावण देखि २०८१ आषाढ मासान्तसम्म वार्षिक रु.१५००००। भुक्तानी गरेको छ ।यसरी जग्गा भाडामा लिदा जिल्ला दररेट तथा नियम अनुसारको प्रक्रिया पुरा नगरेकोले नियमसम्मत नभएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,५०,००० |

३७ **मनोरञ्जन कर**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शुल्कमा कर लिनूपर्ने व्यवस्था छ ।आर्थिक वर्ष २०८०।८१ मा पालिकाले यस प्रकारको मनोरन्जन कर रु. २००००।आम्दानी गरेको जनाएको छ । यस पालीकाको क्षेत्रभित्रबाट उठ्नु पर्ने मनोरञ्जन कर यकिन गरी असुल गर्नुपर्दछ।

३८ **असूल गर्नुपर्ने**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३९ **म्यादथप**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ उपदफा (२) मा कावुबाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलब्ध गराउनुपर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मनासिव कारणबाट खरिद सम्झौताको अवधी नबढाई नहुने भएमा सम्झौता प्राप्त गर्ने व्यक्तिको निवेदन बमोजिम अधिकार प्राप्त अधाकरीले अवधी बढाउन सक्ने नियमावली २०६४ को नियम १२०उपनियम(१) मा निर्माण व्यवसायीले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु भन्दा तोकिए बमोजिमको अवधी अगावै अवधी थपको लागी निवेदन दिनुपर्ने र अधिकार प्राप्त अधिकारीले उपनियम(२) वमोजिम जाँचबुझ गरेर मात्र म्यादथपको निर्णय गर्नुपर्ने उल्लेख छ। पुरानोकोट गढी भ्युटावर र वडा नं ४ मा पार्क निर्माण कार्य ठेक्का नं ९-०७७।७८ मा निर्माण व्यवसायी पराजुली कन्स्ट्रक्सनसँग रु ४,१०,९८,६९१ को ठेक्का सम्झौता मिति २०७८।३।२८ मा गरी कार्य सम्पन्न गर्ने अवधी २०७८।१२।७ को निर्णयले २०७९।३।३१ सम्म म्यादथपको निर्णय गरेको छ। तत्पश्चात निर्माण व्यवसायीको म्यादथप मागको निवेदन वेगर नै कार्यपालिकाले २०७९।५।१३ , २०७९।९।३१ सम्म दोश्रो पटक र २०७९।१०।२६ को निर्णयले २०७९ चैत्र मसान्तसम्म म्यादथप गरेको छ। यसरी उक्त ऐन र नियमावलीमा रहेको प्रावधान विपरित मनासिव माफिकको कारण सहितको निवेदन माग वेगर विना निवेदक २ पटक सम्म म्यादथपको निर्णय कार्यपालिकाबट गरिएको कार्यलाई उपरोक्त कानुनसम्मत भएको निर्णय भन्न मिल्ने देखिएन। यसमा पालिकाको ध्यान जानुपर्ने देखिन्छ। निज निर्माण व्यवसायीलाई यो वर्ष गो भौ नं २१ मिति २०८०।६।२३ बाट अन्तिम विलको भुक्तानी रु ४०,०१,५०१।– गरेको छ।

४० **वीमा शुल्क**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **७,५२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४१ **अभिलेख**

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्रका करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

४२ **योजना र कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनु पर्दछ। यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहाय अनुसार छन्:

| **क्र.सं.** | **विवरण** | **योजनासंख्या** | **खर्च रकम** रु. |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमको योजना | २५५ | १४६४८३२९ |
| २ | रु एक लाख एक देखि पाँच लाख सम्मका योजना | २६५ | ७५६५४५६९ |
| ३ | रु ५ लाख देखि १० लाख सम्मका योजना | २४ | २०८०१९८३ |
| ४ | दश लाख एक देखि ५० लाख सम्मका योजना | १३ | ३३८०४८८१ |
| ५ | ५० लाख भन्दा माथिका योजना | ० | ० |
| | **जम्मा** | ५५७ | १४४९०९७६२ |

**योजना छनौट** — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकास लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता दिएको देखिएन । तसर्थ स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

४३ **नदिजन्य पदार्थको उत्खनन तथा ठेक्का व्यवस्थापन**

पालिकाले यो वर्ष जम्मा २० वटा ठेक्का मार्फत जम्मा १,४५,६६२ ५० घनमिटर नदीजन्य पदार्थको उत्खनन र विक्रिको लागी प्रस्ताव आह्वान गरेकोमा ३ वटा ठेक्काको १०,५०० घनमिटर परिमाणको न्यूनतम मुल्याङ्कित रु ४४ लाख रकमको ठेक्का व्यवस्थापन र सम्झौता भई ४४,७७,२८०। आम्दानी भएको छ। देहाय बोमजिमका १७ वटा नदी तथा खोलाहरुको स्थानमा नदीजन्य पदार्थ १३५१६२ घन मिटरको न्युनतम् मुल्याकंन लागत रु ४ करोड १५ लाख ७० हजारको उत्खनन र विक्रि गर्न ठेक्का आह्वान गरेकोमा कुनै पनि ठेकेदारले प्रस्ताव पेश नगरेबाट ठेक्का व्यवस्थापन र सम्झौता हुन नसकि आय प्राप्त हुन नसकेको व्यहोरा कार्यालयले जनाएको छ।

| सिनं | आयठेक्कानं | नदी/खोला | घाटतथाक्षेत्र | उत्खननयोग्यपरिमाण(घनमि) | न्यूनतममुल्याङ्कनरकम |
|---|---|---|---|---|---|
| **१** | १-०८०।८१ | मर्स्याङ्दी | खासुरअक्करखण्ड | ५००० | १२५०००० |
| **२** | ३-०८०।८१ | मर्स्याङ्दी | आँपचौरखण्ड | १२५० | ३१०००० |
| **३** | ४-०८०।८१ | मर्स्याङ्दी | सालडाडा | ६८२५ | १७००००० |
| **४** | ५-०८०।८१ | मर्स्याङ्दी | रानीकुवाटापुमुनीकोखण्ड | २५०० | ७००००० |
| **५** | ६-०८०।८१ | मर्स्याङ्दी | भकुण्डेबोहोराबेसीखण्ड | ५६२-५० | १४०००० |
| **६** | ७-०८०।८१ | मर्स्याङ्दी | भकुण्डेशिशौधारीखण्ड | ७५० | २००००० |
| **७** | ९-०८०।८१ | मर्स्याङ्दी | आर्मीब्यारेकपुच्छर | ३००० | ७५०००० |
| **८** | १०-०८०।८१ | मर्स्याङ्दी | त्रिवेणीघाट | २७०० | १००००० |
| **९** | ११-०८०।८१ | दोर्दीखोला | दोर्दीखोलाक्षेत्र | ५६२५ | १३९०००० |
| **१०** | १२-०८०।८१ | मिदिमखोला | नाल्मामिदिमखोलाक्षेत्र | ७५० | १९०००० |
| **११** | १७-०८०।८१ | - | गैरीक्याम्पसमुनीखण्ड(क) | १४४०० | ४५७५००० |
| **१२** | १८-०८०।८१ | - | गैरीक्याम्पसमुनीखण्ड(ख) | १४४०० | ४५७५००० |
| **१३** | १९-०८०।८१ | - | गाइखुरेछहराखण्ड(क) | १०८०० | ३४३०००० |
| **१४** | २०-०८०।८१ | - | गाइखुरेछहराखण्ड(ख) | १०८०० | ३४३०००० |
| **१५** | २१-०८०।८१ | - | गाइखुरेछहराखण्ड(ग) | १०८०० | ३४३०००० |
| **१६** | २३-०८०।८१ | - | क्रशरउद्योगमुखीखण्ड (क) | २२००० | ७२५०००० |
| **१७** | २४-०८०।८१ | - | क्रशरउद्योगमुखीखण्ड (ख) | २३००० | ७२५०००० |
| | | | जम्मा | १३५११६२.५० | ४१५७०००० |

४४ **घटी राजश्व प्राप्ती**

मर्स्याङ्दी नदीको भोटेफाँट खण्ड (भाचोक खोलादेखी बाँझाखेत मोटरेवल पुलसम्म)को क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन गरी विक्रि गर्न आय ठेक्का नं २-०८०।८१ बाट ७५० घनमिटरको लागी न्युनतम कवोललागत रु २ लाख कायम गरी आह्वन गरेको शिलबन्दी ठेक्का प्रस्तावमा प्रथम बढी अंक रु २,२०,००५।– अर्थात न्युनतम कवोल लागत भन्दा १०% बढी अंक जिङ्क कन्स्ट्रक्सनले कवोल गरेको छ। तर कार्यालयले यसरी ठेक्का आह्वान गर्दा प्रदेश कानुनले तोकेको प्रति घनफिट रु ९।– ले हुने न्युनतम मूल्याङ्कन रु २ लाखको सट्टा रु २,३८,१४०।– न्युनतम लागत समायोजन गरिएको छ। यसरी समायोजन गरेको न्युनतम समायोजित लागतमा न्युनतम लागतको १०% बढी कवोल अंक थप गरी समायोजित कवोल अंक कायम गरेर सम्झौता गर्नुपर्नेमा सो बमोजिम नगरी समायोजित न्युनतम लागत अंक रु २,३८,१४०।– भै सम्झौता गरेर असुल गरेको छ। यसप्रकार न्युनतम समायोजित लागत अंकलाई नै कवोल अंक कायम गरेबाट शुल्क रु २३,८२०।– मू अ कर १३% रु ३०९७।र १.५% अग्रिम कर रु ३५८। समेतले हुने रकम घटी राजश्व राजश्व असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २७,२७५ |

४५ **फोहोरमैला शुल्क**

१२७८।२०८१।३।२३ पालिका र वातावरण सुधार तथा विकास संस्था नामक र गैरसरकारी संस्थाबिच मिति २०७५।६।१० र २०७८।९।२९ मा भएको सम्झौता अनुसार पालिकाको विभिन्न वडाहरुमा रहेका धरधुरीबाट सम्झौतामा तोकिएको दररेट बमोजिम

शुल्क असुल गरी फोहोर संकलन गर्ने र तोकिएको ल्याण्डफिल्ड साइडमा लगि विसर्जन गर्ने कार्य हुदै आएको देखियो। पालिकाले यो वर्ष उक्त ल्याण्डफिल्डको लिजभाडा बापत रु १,२१,००० भुक्तानी गरेको छ। मिति २०८१।३।३१ पश्चात उक्त सम्झौताको अवधी समय समाप्त भएकोमा ३ महिनाको अवधी थप गरेको देखियो। यसरी निज संस्थाले पुष देखी हालसम्म फोहोरमैला संकलन र विसर्जन गरेबापत घरधुरीहरुलाई विभिन्न २६ क्याटेगोरीमा सम्झौता अनुसार वर्गिकरण गरी तोकिएको शुल्कहरु असुल गर्दै आएकोमा उक्त शुल्कमा लाग्ने १३% मूल्य अभिवृद्धि कर र १.५% ले लाग्ने अगृम कर रकम निज संस्थाले हिसाब यकिन गरी संघिय राज्शवको सम्बन्धित शिर्षकमा हालसम्म दाखिला गरेको देखिन आएन। निज संस्थाले के कति रकम असुल वा संकलन गर्यो सो सम्बन्धमा पालिकाले अनुगमन गरेको समेत छैन। निजसँग तोकिए बमोजिम सम्झौता गर्दा र संकलित शुल्कमा कानुनमा तोकिए बमोजिम धरौटी रकम समेत लिने गरेको छैन। पालिकाले भुक्तानी गरेको ल्याण्डफिल्ड साइडको लिजभाडा रकम समेत निज संस्थाबाट असुल नगरी पालिकाले विगत देखी नै भुक्तानी गर्दै आएको देखियो। यसमा पालिकाको ध्यान जानुपर्ने देखियो।

## ४६ **व्यवसाय कर**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर लगाउने व्यवस्था रहेको छ । नगरपालिकाले योवर्ष व्यवसाय कर वापत रु. २८४७८००।(व्यवसाय रजिष्ट्रेसन शुल्क समेत) रकम असुल गरेको जनाएको छ । पालिकाको कार्यालयले व्यवसायहरूको लगत राखी राजस्व असुल गर्नूपर्नेमा लगत राखेको पाइएन । पालिका क्षेत्र भित्रका व्यवसाय एवं व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

## ४७ **उपभोक्ता समितिबाट गराएको काम**

कार्यालयले योवर्ष गरेको पूंजीगत खर्च मध्ये देहाय बमोजिम ५५५ वटा उपभोक्ता समितिहरुबाट रु.१६५५०५७३४। को कार्य गराएकोमा रु. १९७४५०४४. को कार्य जनसहभागिताबाट गराइ बाकी रु.१४२३०२६०६. नगरपालिकाबाट भुक्तानी भएको बिवरण प्राप्त भएको छ ।

| विवरण | उपभोक्ता समिति संख्या | लागत अनुमान | सम्झौता रकम | जम्मा भएको काम | जनसहभागिताबाट भएको काम | भुक्तानी रकम कन्टिन्जेन्सी बाहेक |
|---|---|---|---|---|---|---|
| नगरपालिका स्तरिय योजना | ११५ | ६९४७३४७५ | ६२९२९५४२ | ६९०२४२०५ | ७०५४७३६ | ६०४२०२३२ |
| वडास्तरीय आयोजना÷कार्यक्रम | १९९ | ६१४७४८४१ | ५५३५२००० | ६११४१०९३ | ६३२१३७८ | ५३८३१४२२ |
| कार्यपालिकाबाट पछि संशोधन भएका वडास्तरीय कार्यक्रम÷आयोजनाहरु | १४६ | १२४३३७४० | १०५१३४५३ | १२२०२७९८ | १९३६५१२ | ९८१३३६२ |
| कार्यपालिकाको निर्णयबाट छनोट भएका र नगरप्रमुखबाट तोकादेश भएका आयोजना/कार्यक्रम | ९५ | २४०८५७८७ | १९४९९३७९ | २३१३७६३८ | ४४३२४१८ | १८२३७५९० |
| जम्मा | ५५५ | १६७४६७८१३ | १४८२९४३७४ | १६५५०५७३४ | १९७४५०४४ | १४२३०२६०६ |

उक्त कारोवारको नमुना छनौट गरी गरेको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् ।

(क) बजेट तथा कार्यक्रमको संशोधन: स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७३ उपदफा ३ मा स्वीकृत बजेटको परिधि भित्र रही प्रचलित कानुन बमोजिम खर्च गर्ने सम्वन्धी सम्पूर्ण उत्तरदायित्व अख्तियार प्राप्त अधिकारीको हुने र उपदफा ७ मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गइ बजेट खर्च गर्न नपाउने उल्लेख रहेको छ । पालिकाले योवर्ष प्रत्येक वडालाइ रु. ६० लाख देखि ७३ लाखसम्मको शिलिङ्ग तोकि वडाहरुको लागि बजेट र कार्यक्रम स्वीकृत गरेकोमा वडाहरुले १४६ योजनाहरु कार्यपालिकाबाट संशोधन तथा थपघट गरी कार्यान्वियन गरेकोमा पछि सभाबाट अनुमोदन गरेको जनाएको छ । त्यसैगरी सभाबाट शुरुमा स्वीकृत पालिका स्तरिय योजनाहरु मध्ये ९५ वटा योजनाहरु कार्यपालिकाको निर्णय र नगरप्रमुखबाट तोकादेश मार्फत संशोधन तथा थपघट गरी कार्यान्वन गरेकोमा पछि सभाबाट अनुमोदन गरेको जनाएको छ । उक्त योजनाहरुमा देहाय अनुसार क्रमश रु. ९८१३३६२। र रु १८२३७५९०। खर्च भएको जनाएको छ ।यसप्रकार सभाले शुरुमा बजेट तथा योजना स्वीकृत गर्दा र कार्यपालिकाको निर्णयबाट संशोधन भएका र नगरप्रमुखबाट तोकादेश भएका योजना तथा कार्यक्रम छनोट गर्दा नेपाल सरकारको खर्च बर्गिकरण र व्याख्या तथा बजेटको सिद्दान्त बिपरित पुंजिगत बजेटमा चालु तथा उपभोग र संचालन पकृतिका खर्च समेत समावेश गरी खर्च गर्ने गरेको पाइयो । यस प्रकार गरेको बजेट तथा कार्यक्रमको संशोधन र कार्यान्वियनलाइ कानुन अनुरुप भएको भन्न मिल्ने देखिएन ।

| विवरण | उपभोक्ता समिति संख्या | लागत अनुमान | सम्झौता रकम | जम्मा भएको काम | जनसहभागिताबाट भएको काम | भुक्तानी रकम कन्टिन्जेन्सी बाहेक |
|---|---|---|---|---|---|---|
| कार्यपालिकाबाट पछि संशोधन भएका वडास्तरीय कार्यक्रम÷आयोजनाहरु | १४६ | १२४३३७४० | १०५१३४५३ | १२२०२७९८ | १९३६५१२ | ९८१३३६२ |
| कार्यपालिकाको निर्णयबाट संशोधन भएका र नगरप्रमुखबाट तोकादेश भएका आयोजना/कार्यक्रम | ९५ | २४०८५७८७ | १९४९९३७९ | २३१३७६३८ | ४४३२४१८ | १८२३७५९० |

४८ **बितरणमुखी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिका र दफा १२ मा वडा समितिको काम, कर्तव्य र अधिकार तोकेको छ । दफा १६ को उपदफा (४)(१) क. मा नगर प्रमुखको र (४)(१)ग. मा वडाध्यक्षको काम, कर्तव्य र अधिकार सम्वन्धी व्यवस्थामा नगर प्रमुख र वडाध्यक्षले आर्थिक सहायता दिनसक्ने, वितरणमुखी प्रकृतिका खर्च गर्न मिल्ने र पालिकालाइ थपव्ययभार श्रृजना गर्ने प्रकृतिका कार्यमा खर्च गर्न सक्ने अधिकार रहेको देखिएन । दफा ७३ उपदफा (७) मा कार्यपालिकाले सभावाट स्वीकृत बजेटको सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ । नगरप्रमुखले नगरस्तरिय बजेट तथा योजनामा समावेश गराइ देहाय बमोजिम रु ६५९५१०।, वडाध्यक्षले वडास्तरीय बजेट तथा योजनामा समावेश गराइ देहाय बमोजिम रु ११८७०००।, कार्यपालिका वा नगरप्रमुखबाट पछि संशोधन गरी वडास्तरीय बजेट तथा योजनामा समावेश गराइ देहाय बमोजिम रु १८७४१२१। र कार्यपालिकाको निर्णयबाट छनोट भएका र नगरप्रमुखबाट तोकादेश भएका बजेट तथा योजनामा समावेश गराइ देहाय बमोजिम रु ११२००००। समेत जम्मा रु ४८४०६३१। पूजिंगत बजेटबाट बितरणमुखी र थप आर्थिक व्ययभार श्रृजना हुने प्रकृतिका कार्यमा नगरप्रमुख र वडाध्यक्षबाट खर्च लेखी भुक्तानी दिएको छ । यसरी खर्च गर्दा र गराउदा नगर प्रमुख वा वडाध्यक्षको तोक आदेश अनुसार खर्च लेखिएको छ । यसप्रकार गरेको खर्च रकमलाइ नगर सभाबाट पछि एकमुष्ठरुपमा खर्च समर्थन गरेको व्यहोरा जनाइएको छ । यस प्रकार खर्च लेखिएको बितरणमुखी र थपव्ययभार सिर्जना हुने प्रकृतिको खर्चबाट पालिकालाइ थप दायित्व पर्न गएको रु.

**(विस्तृत विवरण बेरूजु दफा ४८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| अनियमित भएको | ४८,४०,६३१ |

४९ **हस्तान्तरण र लगत अद्यावधिक**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ र बेसीशहर नगर पालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि,२०७४ को दफा ३ उपदफा (२), दफा ४ उपदफा (१) खण्ड (ञ) र खण्ड (ट) लगायतका कानुन अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नुपर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने, जनसहभागिता वा लागत सहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनुपर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने, उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्वन्धित निकायले

सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने आदि व्यवस्था छन् । स्थानिय सीप, श्रोत र साधन उपयोग हुने र स्थानिय स्तरमा कार्य सम्पन्न गर्न सक्ने आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्न सकिने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने, अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने र उपभोक्ता समितिको लगत तोकिएको ढांचामा अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ । कार्यालयले उपभोक्ता समितिबाट कार्यहरु गराउदा उक्त कानुनले तोके बमोजिमको अवस्था पालना गरेको नदेखिएको हुदा कानुनको पूर्णरुपले अनुशरण र पालना गरेर मात्र गराउनु पर्दछ ।

(क) मुल्य अभिबृद्धि करः कार्यालयले निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ मा तोकिए बमोजिम तयार गर्नुपर्दछ । जस अनुसार उपभोक्ता समितिबाट गराउने निर्माण कार्यको लागत अनुमान तयार गर्दा ओभरहेड र मुल्य अभिबृद्धि कर बाहेक परिमाण र दर बिश्लेषणबाट निकालिएको लागत अनुमानमा मुल्य अभिबृद्धि कर लाग्ने निर्माण सामाग्रीको मात्र मुल्य अभिबृद्धि कर यकिन गरेर (VAT for VATABLE Items) उक्त निकालिएको लागत अनुमानमा थप गरेर हुने रकमलाइ कुल लागत अनुमान कायम गरिनु पर्ने र सोही बमोजिम कार्य गराइ उपभोक्ता समितिले निर्माण कार्य गर्दा लागत अनुमानमा उल्लेख भएको मुल्य अभिबृद्धि कर रकममा नबढ्नेगरी मुल्य अभिबृद्धि कर लाग्ने निर्माण सामाग्री खरिद गर्दा बिल बमोजिम तिरेको वास्तबिक मुल्य अभिबृद्धि कर रकम ठेक्का बिल र कार्य स्वीकार प्रतिवेदनमा समावेश गरेर भुक्तानी गर्नु गराउनु पर्नेमा सो बमोजिम नगरी लागत अनुमानको दर बिश्लेक्षण गर्दा नै मुल्य अभिबृद्धि कर रकम समेत समावेश गरी तयार गरेको र सोही बमोजिमको मुल्य अभिबृद्धि करको सबै रकम उपभोक्ता समितिलाइ भुक्तानी दिने गरेको देखियो । जसले गर्दा उपभोक्ता समितिले वास्तविक रुपमा तिरेको मुल्य अभिबृद्धि कर रकम भन्दा बढी रकम निजलाइ भुक्तानी हुन सक्ने अवस्था रहेको हुदा यस सम्वन्धमा यथार्थता यकिन गरिनु पर्ने देखिन्छ ।

(ख) भुक्तानीको सिफारिसः उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको भुक्तानी गर्दा केहीमा फोटाहरु संलग्न राख्ने र उपभोक्ता समितिको सिफारिस तथा सम्वन्धित वडा अध्यक्षहरुको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने गरेको देखियो । केहीमा फोटाहरु संलग्न गरेता पनि कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिन आएन । त्यसैगरी सम्वन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा अधिकाशं सिफारिसमा सो बमोजिम नगरी बजेट अनुरुपको कार्य सम्पन्न भएकोले भुक्तानीको लागी सिफारिस गर्दछु भन्ने भाषाको सिफारिस गर्ने गरेको देखियो । यसवाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरुबाट कार्यहरु भएको छ भनि आश्वस्थता हुने आधार कमजोर रहेको छ ।

(ग) जनश्रमदान र लागत सहभागिताः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । नगर सभाले उपभोक्ता वा लाभग्राही समुहबाट गराउने कार्यमा न्युनतम १० प्रतिशत जनसहभागिता जुटाउनु पर्ने निर्णय गरेको जनाइएको छ । कार्यालयले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फmबाट नगद लागत सहभागिता वा जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित कार्यालयको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत गरेका कार्यहरु मध्ये धेरैजसो निर्माण कार्यमा १० प्रतिशतको हाराहारीमा जनसहभागिताबाट कार्य गराएको छ भने ९ वटा योजनामा ३०, ४० र ५० प्रतिशतको लागत सहभागितामा उपभोक्ताबाट कार्य गराइएको देखियो। उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिता र लागत सहभागिताको अंश बृद्दि गरी योजनामा उपभोक्ताको अपनत्व बृद्दि गर्नु पर्दछ ।

(घ) सामुदायिक भवन निर्माण: पालिकाले योवर्ष बिभिन्न वडाहरुमा सामुदायिक भवनहरु निर्माण गरेकोमा निजी जग्गा वा समूह/संस्थाको नाममा रहेको जग्गामा बनाएको हो खुल्दैन । अधिकांश भवनहरु समूह/संस्थाको नाममा रहेको जग्गामा बनाइएको व्यहोरा लेखापरीक्षणको क्रममा जनाइएता पनि सम्झौता साथ जग्गाको लालपुर्जा राख्ने गरेको नदेखिएबाट यकिन हुन सकेन । यसमा सुधार हुनु पर्दछ ।

(ङ) सार्वजनिक परिक्षणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यको सामाजिक परिक्षण अन्तर्गत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ ।

अधिकांश कार्य सडक निर्माण तथा मर्मत गर्ने कार्यहरु गरेको भएतापनि, भवन निर्माण, खानेपानी तथा कृषि तथा पशु विकास लगायतका कार्य गरेको छ । यस्ता कार्यको सार्वजनिक सुनवाई गरेको जनाएता पनि सार्वजानिक सुनुवाई बिस्तृत रुपमा नगरी तोकिएको फारम भरेर केही सिमित व्यक्तिको न्युन उपस्थिती रहने गरेको, आंशिक कार्यहरुमा खर्चको सार्वजनिकीकरण भनि माइन्युटमा लेखी राख्ने गरेको, फाइलमा राख्ने प्रयोजनको लागी मात्र फारम भरेर राख्ने गरेको अवस्था बिद्यमान रहेको देखियो । त्यसैले सार्वजनिक सुनुवाईको विश्वसनीयता देखिदैन । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रवद्र्धन गर्नुपर्दछ ।

त्यसैगरी बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको देखिन आएन । समितिमा रहेका पदाधिकारी तथा सदस्यहरु उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्तिहरु भए नभएको यकिन हुन सकेन । एउटै स्थानमा गर्ने फरक फरक निर्माण कार्यको लागी समेत फरक फरक उपभोक्ता समितिहरु गठन गर्ने गरेको छ । एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्वन्धमा समेत यकिन हुने आधार देखिन आएन । यस सम्वन्धमा कार्यालयले अभिलेख अद्यावधिक गरी सुधार गर्नुपर्दछ ।

(च) अनुगमन समिति: नगरपालिका उपमेयरको संयोजकत्वमा रहेको अनुगमन समितिले कामको विबरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी सबै बिकास योजनाको अनुगमन गरेर प्रतिवेदन दिनुपर्नेमा सो बमोजिमा प्रतिवेदन नगरी रु ५ लाख भन्दा बढी खर्च भएका योजनाको हकमा नगरपालिका स्तरिय अनुगमन समितिले र सो भन्दा घटी खर्च भएका योजनाको हकमा वडास्तरिय अनुगमन समितिले मात्र एक निश्चित फारममा समितिका सदस्यले हस्ताक्षर गरेर पेश गर्ने गरेको छ । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा आश्वस्त हुनेगरी नगरपालिका स्तरिय अनुगमन समितिले सिफारिस गरे पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

(छ) तेश्रो पक्षबाट कार्य: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम १० अनुसार उपभोक्ता समितीसंग सम्झौता भइ तोकिएको कार्य उपभोक्ता समिति आफैले गर्नुपर्ने तेस्रो पक्षबाट गराउन नपाइने उल्लेख रहेको छ । उपभोक्ता समितिसंग सम्झौता गरि गराइएका कार्यहरु उपभोक्ता समिति आफैले नगरी तेस्रो पक्ष मार्फत गराउने गरेको पाइयो । आफैले नगरी तेस्रो पक्षबाट गराएबाट नियम बमोजिम उपभोक्ता समितिलाई कालो सुचीमा राख्नुपर्नेमा सो बमोजिम गरेको देखिन आएन ।

(ज) हेभी इक्विपमेण्टको प्रयोग ः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । कार्यालयले उपभोक्ता समिति मार्फत गरेका कार्यहरु मध्ये अधिकांश कार्य मोटर बाटो ढलान गर्ने, स्तरोन्नती गर्ने, रिटेनिगं वाल लगाउने, पिच गर्ने, खानेपानी टंकी निर्माण गर्ने, सिंचाइ योजना निर्माण,, भवनहरु निर्माण आदि कार्यसंग सम्वन्धित रहेका छन् । प्राय सबैजसो कार्यहरुमा डोजर, लोडर, एक्साभेटर आदि जस्ता हेभि मेशिनहरु प्रयोग गरी कार्य गराएको व्यहोरा खर्चका बिल भर्पाइबाट देखियो । नगरपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

(झ) गुणस्तर परीक्षण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान र निर्माण कार्यको सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले उपभोक्ता समिति मार्फत गरेका सबै कार्यहरुमा र निर्माण व्यवसायी मार्फत गराइएका केहि निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

५० **लाभग्राही समुह मार्फत सामाग्री खरिद**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ७३ उपदफा (७) मा कार्यपालिकाले सभावाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा २ मा प्रतिस्पर्धा सिमित हुनेगरी टुक्रा गर्न नहुने र नियमावलीको नियम ८ मा खरिद योजना र खरिदको प्याकेज सम्वन्धी व्यवस्था रहेको छ।नियम २(ट) मा उपभोक्ता समिति भन्नाले निर्माण कार्यबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुले कुनै निर्माण कार्यको निर्माण, संचालन, मर्मत संभार गर्नको लागि आफुहरु मध्येबाट गठन गरेको समीति सम्झनु पर्ने तथा नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने कार्यविधि अनुसार उपभोक्ता समितिबाट श्रममुलक निर्माण कार्य मात्र गराउन सक्ने देखिन्छ । नगरपालिकाले उक्त ऐन र नियमावली विपरित उपभोक्ता समिति वा लाभग्राही समुहको माध्यमबाट टुक्रा गरी बिभिन्न सामाग्रीहरु देहाय बमोजिम सोझै खरिद गरी रु=२२८९२६२। भुक्तानी दिएको छ । उपरोक्त ऐन र नियमावली अनुसार बिद्यालयहरुलाइ चाहिने बस्तु तथा सामाग्री लगायतका सम्पत्तिहरुको आवश्यक्ता बिश्लेषण गरी सोही बमोजिम खरिदको योजना र प्याकेज बनाएर बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा गराइ सम्वन्धित बिद्यालयहरुमा आपुर्ति गर्ने व्यवस्था मिलाउनु पर्नेमा सो बमोजिम नगरी टुक्रा टुक्रा गरेर सम्वन्धित लाभग्राही समुहबाट सोझै खरिद गरेबाट खरिद कार्यमा पार्दर्शिता र स्वच्छ प्रतिस्पर्धा हुन पाएन । यसको बिबरण संलग्न अनुसुचीमा रहेको छ। यसबाट कार्यालयलाइ थप आर्थिक दायित्व परेन भन्ने अवस्था देखिन नआएकोले अनियमित भएको रु

**(विस्तृत विवरण बेरूजु दफा ५० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| अनियमित भएको | २२,८९,२६२ |

५१ **पूर्जीगत शिर्षकबाट अन्य निकायमा चालु खर्च**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने, दफा १९ मा आफ्नो कार्यालय तथा मातहत कार्यालयको लागि स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च नभएमा त्यसको जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने र बिनियोजन ऐन वा अन्य ऐन बमोजिम स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रही बजेट कार्यान्वयन गर्ने कर्तव्य सम्वन्धित लेखा उत्तरदायी अधिकृत र मातहतका जिम्मेवार व्यक्तिको हुने उल्लेख छ ।कार्यालयले स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम तोकिएको कार्यमा मात्र बजेट खर्च गर्नुपर्ने र संघिय तथा प्रादेशिक निकायहरुको खर्च सोही निकायको लागि स्वीकृत बजेट तथा कार्यक्रम भित्र रहेर सम्वन्धित निकायहरुले खर्च गर्नुपर्ने प्रावधानहरु रहेका छन् । कार्यालयले देहाय बमोजिम अन्य निकायहरुको खर्च समेत यस कार्यालयबाट गरेको देखिदा स्थानिय संचित कोषमा थपभार पर्न गएकोले नियमसम्मत भन्न मिल्ने नदेखिएको रु

| कामको बिबरण र स्थान | वडा नं | स्वीकृत लागत अनुमान रकम | उस संग भएको सम्झौता | सम्पन्न कार्य | सम्पन्न कार्य मध्ये जनसहभागिता बाट गरेको काम | भुक्तानी |
|---|---|---|---|---|---|---|
| कार्यपालिकाबाट पछि संशोधन भएका वडास्तरीय कार्यक्रम÷आयोजनाहरु | | | | | | |
| अस्थाइ प्रहरी विट इनधन | १ | १४३०० | १४३०० | १४३०० | | १४३०० |
| प्रहरी विट उदिपुरलाइ इनधन खर्च | १ | १४३०० | १४३०० | १४३०० | | १४३०० |
| अस्थाइ प्रहरी विट इनधन | १ | १४३२४ | १४३२४ | १४३२४ | | १४३२४ |
| कार्यपालिकाको निर्णयबाट छनोट भएका र नगरप्रमुखबाट तोकादेश भएका आयोजना÷कार्यक्रम | | | | | | |
| प्रहरी विट स्तरोन्नती, भकुण्डे | २ | ४३३०९ | ४०००० | ४३५५९ | ३५५९ | ४०००० |
| जम्मा | | | | | | ८२९२४ |

| | |
|---|---|
| अनियमित भएको | ८२,९२४ |

५२ **जटिल प्रकृतीको कार्य उपभोक्ता समितिबाट गराएको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । उपनियम १० मा उपभोक्ता समितीसंग सम्झौता भइ तोकिएको कार्य उपभोक्ता समिति आफैले गर्नुपर्ने तेस्रो पक्षबाट गराउन नपाइने उल्लेख रहेको छ । तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनु पर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने उल्लेख रहेको छ । उपभोक्ता समितिसंग सम्झौता गरि गराइएका कार्यहरु उपभोक्ता समिति आफैले नगरी तेस्रो पक्ष मार्फत गराउने गरेको व्यहोरा खर्चका बिलभर्पाइहरुबाट देखिन आयो । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम प्रतिस्पर्धा गराइ कार्य गराउन उपयुक्त हुने देखिन्छ ।यसका केही उदाहरण निम्न छन् ।

| कामको बिबरण र स्थान | वडा नं | स्वीकृत लागत अनुमान रकम | उस संग भएको सम्झौता | सम्पन्न कार्य | सम्पन्न कार्य मध्ये जन सहभागिता बाट गरेको काम | भुक्तानी |
|---|---|---|---|---|---|---|
| गाउँशहर प्रवेशद्वार गेट निर्माण (गाउँशहर, काउलेपानी , पुरानोकोटगढी , नाल्मा प्रवेशद्वार गेट) रानीकुवा | ३ | २१७५०९१ | २०००००० | २१७६२७१ | १७६२७१ | २०००००० |
| पुमागाउँ अर्थिङ | ६ | २१८०२८ | २००००० | २०७५४५ | १६९२१ | १९०६२४ |
| कर्म टसी खसु गुम्बा निर्माण | १० | १०८२०७९ | १०००००० | १०८३१०७ | ८३१०७ | १०००००० |
| वडा उज्यालो अभियान | ११ | २०१०७५ | २००००० | २०१०७५ | १०७५ | २००००० |
| जम्मा | | | | | | ३३९०६२४ |

५३ **प्रमाण र पुष्ट्याइ**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्ने र उपनियम (९) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने प्रावधान रहेको छ । कार्यालयले देहाय बमोजिम निर्माण तथा सामाग्रीहरु खरिद गरी निम्नानुसारको रकम खर्च लेखेको छ। उक्त जस्ता पाता बितरण गरेको भर्पाइ संलग्न गरी खर्च जनाएकोमा कार्य भएको प्राविधिक पुष्ट्याइ र नापी किताव तथा अनुगमन प्रतिवेदन सहितका प्रमाण कागजातहरु पेश हुन आएको नदेखिएकोले पेश हुनुपर्ने रु

| गो. भौ. नं./ मिति | बिक्रेताको नाम | विवरण | रकम (रु.) | कैफियत |
|---|---|---|---|---|
| ६८/०८०/८/६ | एल बि मल्टी प्रपोज प्रा ली | जस्ता पाता खरिद | ११०४५७५ | जस्ता पाता प्रयोग भएको प्राविधिक पुष्ट्याइ र अनुगमन प्रतिवेदन |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,०४,५७५ |

५४ **सटरभाडा**

बेसीशहर नगरपालिकाको नाममा दर्ता रहेको वडा नं ८ स्थित नगरपालिकाको भवनको सटर भाडामा लिएका ववित कुमारी (जैयसवाल मिठाइ पसल) बाट प्रति महिना रु ५८ हजारका दरले भाडा रकम असुल गर्ने गरी विगत देखी नगरपालिका भवनको सटरहरु भाडामा लगाएको छ। सर्वप्रथम निजसँग मिति २०७५ भाद्र १४ गते, दोश्रो पटक २०७७।०६।०७ गते र तेश्रो पटक मिति २०७९।४।१ गते सम्झौता गरी निजलाई २०८० आषाढ मसान्तसम्मको लागी उक्त भवनको सटरहरु भाडा लगाएको देखियो। तत्पश्चात उक्त सम्झौताको पूनः नविकरण तथा नयाँ सम्झौता भएको देखिन आएन। कार्यालयले उक्त सटरहरु समेतको भवन खाली गरिदिन भनि मिति २०८०।६।९ गते पत्र लेखेको देखिएकोमा निजले लेखापरिक्षण अवधी २०८१।५।७ गते सम्म खाली नगरी निजले प्रयोग गरी रहेको व्यहोरा जानकारी प्राप्त भयो। सम्झौताको अवधी सकिएको लामो अवधीसम्म पनि खाली नगरी प्रयोग गरिरहने कार्य सम्झौता अनुकुल हुने नदेखिदा यसमा सम्बन्धितको ध्यान जानुपर्ने देखिन्छ।

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **९९,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५५ **न्युन विद्यार्थी संख्या भएका विद्यालय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । प्राप्त विवरण अनुसार यस स्थानीय तहले देहाय बमोजिम विभिन्न प्रयोजनको लागि यो वर्ष बिभिन्न २५८ जना व्यक्ति एवं संघ संस्थालाई रु. १०००। देखि रु. २५०००। सम्मका दरले पालिकामा नगर प्रमुख र वडामा वडाध्यक्षको तोक आदेशबाट जम्मा रु. १२३४२४६।आर्थिक सहायता वितरण गरेको बिबरण प्राप्त भएको छ।यस्तो खर्चमा कानुनको पूर्ण पालना गर्दै मितव्ययिता कायम गर्नु पर्दछ।

समानीकरणबाट बिद्यालयलाइ अनुदान - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलव्ध गराउने व्यवस्था छ । पालिकाले संघिय समानिकरण समेतको नगरपालिका चालु खर्च शिर्षकको गौ भौ नं ४६ मिति २०८०।६।४ बाट रु. २९०६९१५।, गौ भौ नं ३५० मिति २०८०।९।२६ बाट रु. २३४९११६।, गौ भौ नं ६४८ मिति २०८१।१।९ बाट रु. २१८८१३९। र गौ भौ नं ८४६ मिति २०८१।२।३१ बाट रु. २१६३०००। समेत जम्मा रु. ९६०७१७०। आन्तरिक श्रोतबाट करारमा राखिएको शिक्षक तथा कर्मचारीहरुको तलव भत्ता वापत बिभिन्न बिद्यालयहरुलाइ निकासा दिइ खर्च लेखेको छ । तर पालिकाले उपलव्ध गराएको बिबरण अनुसार स्वीकृत दरवन्दीभित्र नपरेका ५ बिद्यालयमा ७ जना शिक्षक करारमा राखी योवर्ष रु. १२ लाख ७० हजार बिद्यालयलाइ वित्तीय समानीकरण शिर्षकबाट अनुदान निकासा दिइ खर्च लेखेको व्यहोरा जनाएको छ । प्राप्त बिबरण अनुसार ४ बिद्यार्थी संख्या भएका बुद्धिविकास प्रा वि साँधुमा एक शिक्षक रहेकोमा थप एक शिक्षक, १८ बिद्यार्थी संख्या भएका भविष्यनिर्माण प्रा वि पाङ्ग्रेक्यूमा ३ शिक्षक रहेकोमा थप एक शिक्षक र १६ बिद्यार्थी संख्या भएका नारायण प्रा वि बाँझाखेतमा एक शिक्षक रहेकोमा थप एक शिक्षक समेत थप गरेको देखियो । पालिकाले यसप्रकारको अनुदान सहयोग बिद्यार्थी चाप धेरै रहेका बिद्यालयमा आन्तरिक श्रोतबाट भ्याउने भए मात्र उपलव्ध गराउनु पर्नेमा समानिकरण अनुदान शिर्षकबाट उपलव्ध गराउन मिल्ने देखिदैन । यसमा सम्वन्धितको ध्यान गइ सुधार गरिनु पर्दछ

न्युन विद्यार्थी संख्या भएका विद्यालयः संघिय शिक्षा नियमावली, २०५९ को नियम ७७ उपनियम १ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या पहाडमा सामान्यतया ४५ हुनुपर्ने उल्लेख छ । सोही नियमावलीको नियम १२ क मा विद्यालय गाभ्न लिइने आधारहरु उल्लेख गरेको छ।यस पालिका मातहतमा सामुदायिक विद्यालयको संख्या ५० र बालबिकास केन्द्र ८ रहेको र यस आ व मा उक्त विद्यालयहरुलाइ यस पालिकाबाट जम्मा रु.२२४९६६६८७। निकासा दिइएको विवरण प्राप्त भएको छ। उक्त विवरण अनुसार ३३ विद्यालय र ८ बालबिकास केन्द्रहरुमा उपरोक्त कानूनले तोकेभन्दा न्यून संख्यामा विद्यार्थी संख्या रहेको व्यहोरा देखिन आयो। तसर्थ न्यून विद्यार्थी संख्या रहेका विद्यालयहरुलाइ उपरोक्त कानून कमोजिम एक आपसमा गाभी विद्यालय व्यवस्थापनलाइ चुस्त, प्रभावकारी र मितव्ययी तुल्याउने तर्फ पालिकाले ध्यान दिएको नदेखिदा सम्बन्धित निकाय तथा पदाधिकारीको ध्यान गइ कानून

बमोजिम गर्नुपर्ने देखिन्छ। प्राप्त बिबरण अनुसार यस पालिका अन्तर्गत बिद्यालय संख्या, विद्यार्थी संख्या र बिद्यालयमा बार्षिक निकासा रकमको विवरण यस प्रकार छ।

| सि.नं. | विद्यालय स ंख्या | विद्यार्थी संख्या | | कुल निकासा रु |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| १ | १७ | ५१ | १०७१ | १७८३३८२१७ |
| २ | ३३ | ४ | ३३ | ४९८०३५४५ |
| ३ | बाल बिकास केन्द्र ८ | ४ | १२ | २०३१९७५ |
| | **५८** | **जम्मा** | | **२२४९६६६८७** |

## ५६ जिन्सी निरीक्षण प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को परिच्छेद १० मा सरकारी सम्पत्तीको जिम्मा, लगत र संरक्षण सम्वन्धी व्यवस्थाहरु रहेका छन् । पालिकाले योवर्ष जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित निम्नानुसारका सुधार तथा सुझावहरु लेखापरीक्षण अवधिसम्म कार्यान्वियन गरेको नदेखिएकोले कार्यान्वयन गरिनु पर्दछ ।

• सबै कोठा र कुनामा रहेका सामानहरुको विवरण जिम्मेवार शाखा विभाग प्रमुखले प्रमाणित गरी भित्तामा टाँस गर्ने।

• प्रत्येक शाखा, वडा कार्यालयहरू, सम्पर्क कार्यालयहरू, स्वास्थ्य चौकी, स्वास्थ्य इकाई तथा सेवा केन्द्रहरूले आफू वा आफु मातहत रहेका सामानहरु थपघट हुँदा वा यताउता हेरफेर गर्दा जिन्सी शाखाबाट अनुमति लिएर मात्र गर्नुपर्ने ।

• विगतदेखि कार्यालयका सामानहरु प्रयोग गरी सोको स्पष्ट जानकारी तथा बरबुझारथ नगराई कार्यालय छोड्ने कर्मचारीलाई समय दिई बरबुझारथ गराउने । नभएमा छानविन गरी सम्बन्धित कर्मचारीलाइ नियमानुसार कारबाही गर्नुपर्ने ।

• कार्यालयमा थन्किएर रहेका पुरानो मोटरसाइकल, प्रिन्टर, कम्प्युटर लगायतका सामानहरुको समयमै मर्मत गरी उपयोगमा ल्याउनुपर्ने मर्मत नहुने भएमा विवरण खुलाई लिलाम बिक्री गर्नुपर्ने।

• वडा कार्यालयहरू, सम्पर्क कार्यालयहरू, स्वास्थ्य चौकी, स्वास्थ्य इकाई तथा सेवा केन्द्रहरूले कुनै पनि स्रोतबाट सामाग्री प्राप्त गर्दा सोको अभिलेख राखी गाउँपालिकाको जिन्सी शाखामा जानकारी गराउनुपर्ने ।

• सम्भव भएसम्म प्रयोग विहीन अवस्थामा रहेका सामानहरूको आवश्यक मर्मत तथा संभार गरी प्रयोगमा ल्याउनुपर्ने । भएका सामानहरू प्रयोग नगरी नयाँ सामान खरिद नगर्ने ।

• सवारी साधन मर्मत गर्दा सम्बन्धित प्राविधिकको उपलब्धताका कारण समस्या सिर्जना भएकाका कारण सोको उचित सामाधान निकाल्नुपर्ने ।

• जिन्सी व्यवस्थापन र अभिलेख व्यवस्थापनका लागि सामाग्री प्रयोग गर्ने कर्मचारीहरू समेत जिम्मेवार हुने, सरुवा भई जाँदा आउँदा बरबुझारथ हुनुपर्ने ।

• जिन्सी मालसामानहरुको चोरी वा हानी नोक्सानी हुनबाट रोक्न सुरक्षाको पर्याप्त व्यवस्था हुनुपर्ने।

• जिम्मेवारी परिवर्तन भई एक शाखाबाट अर्को शाखामा जाँदासमेत कम्प्युटर ल्यापटपलगायत सम्पुर्ण जिन्सी सामान जिन्सी शाखामा बरबुझारथ गरेर जाने व्यवस्था लागु गर्ने ।

• सरुवा भएर जिन्सी सामान फरक कर्मचारीले प्रयोग गर्नुअघि अभिलेखमा प्रयोगकर्ता पनि फेरिने व्यवस्था गर्ने ।

• अन्य निकायबाट सामान हस्तान्तरण भई आउँदा वा हस्तान्तरण गरी दिँदा सोको मुल्य समेत खुलाई लिने दिने व्यवस्था मिलाउनपर्ने ।

• सरुवाको बोधार्थ प्राप्त हुनासाथ जिन्सी शाखाले जिन्सी सामानको अवस्थाबारे स्थलगत अवलोकन गरी प्रयोग भएका सामान अभिलेखसँग रुजु गर्ने व्यवस्था गर्ने ।

• जिन्सी सामाग्री के कसो छ सो को जिन्सी शाखाले नियमित रुपमा अनुगमन गर्ने । सम्बन्धित कार्य स्थलमा उक्त मालसामानहरु

प्रयोगमा आए नआएको वा मालसामान पुगे नपुगेको अवस्था हेरी आवश्यक कार्य अगाडि बढाउने ।

५७ **खरिद टुक्राएको:**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु।५ लाखसम्मको खरिद कार्य सोभैm गर्न सकिने, रु।५ लाखभन्दा माथि रु।२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । सोभैm खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष करिव १०३ बिक्रेताबाट रु. १७१७७१७१। रकम बराबरको बिभिन्न बस्तु, सामाग्री तथा निर्माण सामाग्री खरिद गरी बिक्रेतालाइ भुक्तानी गरेको बिबरण जिन्सी शाखाको PAMS बाट प्राप्त भएको छ । यसरी यो वर्ष पूँजीगत तथा चालु किसिमका सामान खरिद गर्दा अधिकांश खरिद सोझै तथा ३ वटासंग दर माग गरी पटक पटक खरिद गरिएको पाइयो । कार्यालयले वार्षिक खरिद योजना बनाई सोही बमोजिम स्वीकृत कार्यक्रम अनुसार खरिदको प्याकेज बनाइ प्याकेज अनुसार एकमुष्ठ रुपमा खरिद कार्यहरु गर्नुपर्नेमा सो बमोजिम गरेको छैन । वर्ष भरिमा कुन कुन मालवस्तु के कति परिमाणमा के कति मूल्यको खरिद भयो एकमुष्ट अभिलेख अद्यावधिक नगरेबाट यकिन गर्न सकिएन ।

५८ **बैक मार्फत भुक्तानी (प्रकोप व्यवस्थापन कोष):**

सरकारी कारोवार निर्देशिका, २०७६ को दफा ५.१६.१ मा सरकारी खाताहरुबाट रकम भुक्तानी गर्दा A/c Payee चेक मार्फत वा सोझै बैंक खातामा रकम जम्मा गरी भुक्तानी दिनुपर्ने प्रावधान रहेको छ । यस नगरपालिकाले लाभग्राहीलाई बैंक मार्फत रकम भुक्तानी दिनुपर्नेमा सूचना प्रविधि अधिकृत मुकेश कुँवरले दैविक प्रकोप व्यवस्थापनको लागि नगद रु.६०००००।– बुझि ७९ जना लाभग्राही लाई नगद भुक्तानी गरेकोले नियमसम्मत नभएको रु...

| | |
|---|---|
| अनियमित भएको | ६,००,००० |

५९ **नन्फाईलर:**

१२९।२०८०।१०।४ मूल्य अभिबृद्धि कर ऐन, २०५२को दफा ७ बमोजिम असूल गरेको मूल्य अभिबृद्धि करको विवरण अर्को महिनाको २५ गते भित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकले शिङ्गा कन्स्ट्रक्सन लमजुङ्गलाई बिल न १२९ मिति २०८०।१०।४ कार्यालयमा कर विजक पेश गरेको आधारमा रेडक्रस पुलदेखि डांडागाउ उपभोक्ता समितिलाई मूल्य अभिबृद्धि कर भुक्तानी गरेको देखिन्छ । स्थलगत लेखापरीक्षणको क्रममा विभागको वेभसाईट परीक्षण गर्दा उक्त फर्म मिति २०८० जेष्ठ महिना देखि नन्फाईलर रहेकोले कारोवार रकम रु.३०३७५०।को मूल्य अभिबृद्धि कर १३ प्रतिशतले रु.३९४८७। को ७० प्रतिशतले रु.२७६४०। को कर समायोजनको प्रमाण पेश गर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २७,६४० |

६० **गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम तर्फ**

६०.१ (१७४-२०८१-३-१२):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **१९,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६०.२ ( १५३-२०८१-३-७):

कार्य सञ्चालन निर्देशिका २०७७ को ७.१.१५ को ४ नं बुदाँमा तालिम केन्द्र बाहेक अन्य अन्य निकायबाट सञ्चालित तालिम कार्यक्रमा अधिकृत स्तरको बाह्य प्रशिक्षको प्रति सत्र कार्यपत्र वापत १००० र कक्षा सञ्चालन वापत ४०० गरि एक सत्रको १४०० पाउने व्यवस्था रहेको छ ।तर ७ दिनको तालिममा प्रशिक्षक वेन बहादुर गुरुङलाई २६ सत्रमा १४०० को दरले रु ३६००० भुक्तानी हुनुपर्नेमा ४२०००। भुक्तानी भएकाले बढी भएको रकम रु ५६००। असुल गर्नुपर्ने रु

| असुल गर्नुपर्ने | ५,६०० |
|---|---|

६१ **दोश्रो घटीवालासंग आपुर्ती:**

सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (४) तथा नियमावली २०६४ को नियम ११० मा बोलपत्र प्रस्तावको स्वीकृती, खरिद सम्झौता र कार्य सम्पादन जमानत दाखिला गर्ने सम्वन्धी व्यवस्था छ ।पालिकाले ठेक्का नं SQ/02/2080/81 बाट औषधी तथा सर्जिकल सामान खरिद गर्न प्रस्ताव आह्वान गरेबमोजिम ७२.३० प्रतिशत प्रथम घटी प्रस्ताव पेश गर्ने आपुर्तिकर्ता लाइफ लाइन ड्रप प्रा लि लाइ मिति २०८०।९।२४ मा नियमानुसार राख्नुपर्ने कार्यसम्पादन जमानत रु. ८ लाख ७६ हजार १०० को सट्टा रु १९ लाख रकमको कार्यसम्पादन जमानत सहित सम्झौता गर्न पत्राचार गरिएकोमा सोको भोलीपल्ट २०८०।९।२५ मा उक्त पत्र सच्चाउदै रु ८ लाख ३० हजारको कार्यसम्पादन जमानत माग गरिएको छ । निजले २०८०।१०।९ गते तहाबाट लेखिएको रु १९ लाख रकमको कार्यसम्पादन जमानतका सम्वन्धमा अलमल भएको, तहाबाट त्रुटी सच्चाइएको पत्र मेलमा पठाइएको भनिएकोमा उक्त मेल हेर्न ढिलाइ भएको र बर्षाको कारण बाटो समेत अवरुद्ध भएको कारण उल्लेख गरी कार्यालयले तोकेको कार्यसम्पादन जमानत दाखिला गरी मिति २०८०।१०।९ गते सम्झौता गरी पाउ भनि कार्यालयमा निवेदन पेश गरेको देखिएकोमा कार्यपालिकाले सोही मितिमा ६४.०७ प्रतिशत दोश्रो घटी कवोलकर्ता चुनचुन फार्मेसीसंग सम्झौता गर्ने भनि निर्णय गरे बमोजिम प्रथम घटी कवोलकर्ताको बोलपत्र जमानत रु.१५ हजार जफत गरी कार्यालयले मिति २०८०।१०।११ मा दोश्रो घटी कवोलकर्तासिंग रु. १०२७०००।को सम्झौता गरी औषधी तथा सर्जिकलका सामान आपुर्ति गरेको छ । जसले गर्दा कार्यालयलाई प्रथम घटी कबोल रकम ७९१९२५.५० संग सम्झौता नगरी दोस्रो घटी कबोल रकम रु १०२७०००। मा सम्झौता गरेबाट रु २ लाख ३५ हजार ७५ रुपैया थप आर्थिक भार परेको. रु.

| अनियमित भएको | २,३५,०७५ |
|---|---|

६२ **सोझै खरिदः**

सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ८५ उपनियममा २०७८ चैत्र भन्दा अगाडि ५ लाख र चैत्र भन्दा पछाडी १० लाख भन्दा बढि रकमको सोझै खरिद गर्न नपाइने र उपनियम (१)ख मा एक आर्थिक वर्षमा एउटै प्रकृतिको काम टुक्रा पारि सोझै खरिद गर्न नपाईने व्यवस्था छ । तर पालिकाले खरिद योजना तर्जुमा नगरि देहायका सामानहरु सोझै खरिद गर्नु नियमसम्मत देखिएन । प्रतिष्पर्धा सीमित हुने गरि सोझै खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ भनी विगत वर्षदेखि महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेख भएको भएतापनि अझै सुधार भएको छैन सुझावको कार्यान्वियन गर्नुपर्दछ ।

| गो भौ नं | विवरण | भुक्तानी पाउनेको विवरण | रकम |
|---|---|---|---|
| ६१६ २०८१।३।२० | फर्निचर खरिद | लक्ष्मी फर्निचर सेन्टर | ८९१२८ |
| ५३६ २०८१।३।१४ | ल्याप्टप खरिद | के डी इन्टरप्राइजेज | १७५१५० |
| ३२ २०८१।३।२१ कोष खाता | ल्याप्टप खरिद | के डी इन्टरप्राइजेज | ११६५१६ |
| २७ २०८१।३।२१ कोष खाता | सोलार इन्भर्टर खरिद | शुभ लाभ मेसिनरी टुल्स एण्ड सप्लायर्स | ४५५४९० |
| १२ २०८१।१।१२ कोष खाता | युपिएस र व्याट्रि खरिद | शुभ लाभ मेसिनरी टुल्स एण्ड सप्लायर्स | २३८४३० |
| जम्मा | | | १०७४७१४ |

६३ **उपभोक्ता समितिको कार्यमा विमाः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ को ३ क मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट वीस लाख रुपैया भन्दा वढी मुल्यको निर्माण कार्य गराउंदा सम्झौता रकममा वीमा वापतको खर्च व्यहोर्ने रकम समावेश गरी सोही रकमवाट उपभोक्ता समिति तथा लाभग्राही समुदायले वीमा गराउनुपर्नेछ भनी उल्लेख छ । मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । पालिकाका निम्न वमोजिमका योजनाहरुमा रु १ करोड ९० लाखको कार्यमा वीमा नै नगराइ निर्माण कार्य गराएको छ

। नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| **गो भौ मिति** | **विवरण** | **ल इ** | **भुक्तानी** |
|---|---|---|---|
| ६४१ २०८१।३।२३ | गाउँ सहर प्रवेदद्वार गेट निर्माण | २१७५०९१. | १९३५७६५ |
| ५७८२०८१।३।१७ | चाम्डिला पुरानोकोट सडक नर्माण योजना | २७०९२३३ | २४१६७१३ |
| ५६४२०८१।३।१७ | ल्याण्डफिल्ड साइटसम्मको सडक स्तरउन्नती | ३८०६३४० | ३३५९८६४ |
| ४१७२०८१।२।३ | लाकुरी चौतारा दोसाँधसम्मको सडक स्तरउन्नती | २७११६६७ | २३५३४२३ |
| ३६२ २०८१।१।२४ | भकुण्डे चिसापानी सडक निर्माण | ५४४६४८६ | ४७९५४६६ |
| ३७ २०८१।३।२४ | गैरी खत्रीचौर हुँदै घ्याउसीबास जोड्ने मो बा कालोपत्रे योजना | २१५११९८६ | १३१०३४६ |
| जम्मा | | १९०००८०३. | १६१७१५७७ |

६४ **न्यून विजकिकरणः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार दररेट निर्धाण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत गराएको निम्नानुसार काममा सिमेन्टको जिल्ला दररेट रु. ७३० को आधारमा दररेट विश्लेषण गरी सोही अनुसार भुक्तानी भएको छ । तर उपभोक्ता समितिबाट जिल्ला दररेट भन्दा कम दरमा सिमेन्ट खरिदको बिल पेश गरेकोले निम्नानुसार रकम भ्याट बापत बढी भुक्तानि भएको छ । जिल्ला दररेटको आधारमा भ्याट रकम भुक्तानी हुँदा बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

**(विस्तृत विवरण बेरूजु दफा ६४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,३८,२५३ |

६५ **उपभोक्ता समितिबाट खरिदः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समितिबाट गर्न सकिने व्यवस्था रहेको छ साथै सो नियमावलीमा उपभोक्ता समितिले सामाग्री खरिद गर्न पाउने कुनै व्यवस्था गरेको देखिदैन । कानूनी व्यवस्था अनुसार निर्माण कार्यमात्र उपभोक्ता समिति द्धारा गराउनुपर्ने व्यवस्था हुँदा हुँदै तपसिल बमोजिमको मालसामानमा खरिद समेत उपभोक्ता समिति मार्फत गरिएको नियमसंगत नभएको रु

| गो भौ मिति | विवरण | उपभोक्ता समिति | रकम |
|---|---|---|---|
| ६३९ २०८१।३।२३ | कृषि सामाग्री खरिद | वडास्तरिय अगुवा कृषक मन्च उ स | १५४५६२ |
| ६१० २०८१।३।१९ | गमला खरिद | प्रगति टोल कपुरिश्वर टोल विनायक टोल नारायण स्थान भित्रि भाडा गमला वितरण योजना उस | ४८७५०० |
| ५६२ २०८१।३।१७ | मौरीघार खरिद | मौरी प्रवर्द्धन आधारभुत तालिम कार्यक्रम उस | २००००० |
| ४९८ २०८१।३।२ | कृषि सामाग्री खरिद | वडास्तरिय कृषि उ स | ३००००० |
| ८८८ २०८१।३।५ | बाख्रा खरिद | दलित लक्षित आर्थिक सशक्तीकरणको लागि बाख्रा खरिद उस | २५०००० |
| | | जम्मा | १३९२०६२ |

| | |
|---|---|
| अनियमित भएको | १३,९२,०६२ |

६६ **हेभि इक्युपमेन्टको प्रयोगः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन्।

**(विस्तृत विवरण बेरूजु दफा ६६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ६७ रोयल्टी

गण्डकी प्रदेश आर्थिक ऐन, २०८० को व्यवस्था अनुसार ढुङ्गा गिट्टी बालुवाको उत्खनन् संकलन र विक्रिमा प्रति घन फिट रु.९। का दरले शुल्क, संघिय मुल्य अभिबृद्धि कर ऐन बमोजिम १३ प्रतिशत मु अ कर र आयकर कर ऐन अनुसार १.५ प्रतिशत समेतले हुने रकम असुल गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाका केहि उपभोक्ता समितिले स्थानीयसंग ढुङ्गा तथा बालुवा खरिद गरि निर्माण कार्य गरेको देखिन्छ । उत्खनन् संकलन तथा बिक्रि वितरणको अनुमति नलिइ तथा पालिकालाई उक्त कानुन अनुसार बुझाउनु पर्ने शुल्क तथा कर समेत नबुझाइ खरिद भएको निम्नानुसारको परिमाणको ढुङ्गा र बालुवाको कर बापतको रकम उपभोक्ता समिति मार्फत उसुल गर्नुपर्ने रु.

| क्र सं | उपभोक्ता समितिको नाम | सामान को विवरण | घन फिट | कर सहितको रकम |
|---|---|---|---|---|
| १ | ल्याण्डफिल्ड साइड सम्मको सडक स्तरउन्नती उ स | ढुङ्गा | ५९९७.६ | ६१८०५ |
| २ | काफ्ले नेवार बारी सिचाइ योजना उ स | बालुवा | ११२८.९६ | ११६३४ |
| | जम्मा | | | ७३४३९ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७३,४३९ |

## ६८ करारमा नियूक्ति

करारमा नियूक्ति स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को उपदफा (८) मा नगरप्रहरी,सवारी चालक, सरसफाई सम्बन्धी आदि पदमा बाहेक अन्य पद तथा सेवामा करारवाट पदपूर्ति गर्न नसकिने कानूनी व्यवस्था गरेको छ ।कार्यालयले देहायका विभिन्न पदका कर्मचारी करारमा राखी रु.३६२३८२८। खर्च लेखेको छ । स्वीकृत दरवन्दी वेगर पद सिर्जना गरी खर्च लेखेको रकम अनियमित भएको रु

| सिन | पद | नाम | रकम |
|---|---|---|---|
| १ | प्राविधिक सहायक | सुवास चिलुवाल | ४१६७६० |
| २ | सहायक पाचौं | सोवित सुयल | ४१६७६० |
| ३ | सहायक पाचौं | रेशम घिमिरे खत्री | ४१६७६० |
| ४ | सहायक पाचौं | सुरज परियार | ४१६७६० |
| ५ | प्रेश सल्लाहकार | कृष्ण के सी | ३००००० |
| **जम्मा** | | | **१९६७०४०** |

| | |
|---|---|
| अनियमित भएको | १९,६७,०४० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : बेसीशहर नगरपालिका, लमजुङ , बेसीशहर नगरपालिका , लमजुङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | चेतनाथ अर्याल | २०८०-८-४ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | ईमनाथ कडेल | २०७८-८-१ | २०८०-५-३१ |
| लेखा प्रमुख | सृजना पौडेल | २०७९-६-९ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ७,८१६,४११ | १२,०४५,४२१ | १,१८२,२१५ | ० | ० | २,८२३,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २३,८६७,०४७ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | १७६,३२० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २३,६९०,७२७ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ६४८३७४१५.६ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४५५९३०८८० | चालु खर्च | ६३०९६३६३२.४६ |
| प्रदेश सरकारबाट अनुदान | २३४०२३९३ | पूँजीगत खर्च | २१५९८८६२१.२१ |
| राजश्व बाँडफाँट | १३३१२३७८९.४३ | वित्तीय/अन्य व्यवस्था | ३५३९२३२३.३९ |
| आन्तरिक आय | ३४५९३१५२.९१ | | |
| अन्य आय | २४०७७४४८२.५४ | | |
| कुल आय | ८८७८२४६९७.८८ | कुल खर्च | ८८२३४४५७७.०६ |
| बाँकी मौज्दात | | ७०३१७५३६.४२ | |

## बेरूजु दफा ४८ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| कामको बिबरण र स्थान | वडा नं | स्वीकृत लागत अनुमान रकम | उ.स. संग भएको सम्झौता | सम्पन्न कार्य | सम्पन्न कार्य मध्ये जन सहभागिता बाट गरेको काम | भुक्तानी |
|---|---|---|---|---|---|---|
| नगरपालिका स्तरिय आयोजना | | | | | | |
| त्रिवेणी कप खेलकुँद प्रतियोगिता सहयोग | | ४००००० | ३००००० | ४००००० | १००००० | ३००००० |
| अपांगता सम्बन्धी समन्वय पैरवी तथ्यांक अभिलेखीकरण तथा प्रस्तावनामा आधारित कार्यक्रम (दिवस मनाउने समेत) | | १००७५० | १००००० | १००७५० | ७५० | १००००० |
| जेष्ठ नागरिक हरेचाहकर्ता प्रोत्साहन/ सम्मान कार्यक्रम | | २५९५१० | २७५००० | २५९५१० | ० | २५९५१० |
| जम्मा | | | ६७५००० | ७६०२६० | १००७५० | ६५९५१० |
| वडास्तरीय आयोजना/कार्यक्रम | | | | | | |
| अन्नपूर्ण मा.वि. हिरक जयन्ती कार्यक्रम | ५ | ४५०००० | ४००००० | ४५०००० | ५०००० | ४००००० |
| सामुदायिक स्वास्थ्य स्वयंसेविका अध्ययन | ५ | १६०००० | १५०००० | १८०००० | ३०००० | १५०००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| अवलोकन भ्रमण | | | | | | |
| खेलकुँद कार्यक्रम खर्च | ५ | ४२७००० | २००००० | २००००० | | २००००० |
| स्वास्थ्य स्वयंसेविका अवलोकन भ्रमण | ६ | ५०००० | ५०००० | ५०००० | | ५०००० |
| जेष्ठ नागरिक सम्मान कार्यक्रम | ७ | १००००० | १००००० | १००००० | | १००००० |
| जेष्ठ नागरिक सम्मान कार्यक्रम | ८ | १२०००० | १२०००० | १२०००० | | १२०००० |
| वडा स्तरीय युवा तथा खेलकुद सहयोग | १० | १५०००० | १५०००० | १५०००० | | १५०००० |
| लिस्नो साहित्यिक मञ्च अक्ष्यकोष सहयोगार्थ | १० | १७००० | १७००० | १७००० | | १७००० |
| जम्मा | | १४७४००० | ११८७००० | १२६७००० | ८०००० | ११८७००० |
| कार्यपालिकाबाट पछि संशोधन भएका वडास्तरीय कार्यक्रम /आयोजनाहरु | | | | | | |
| महिला सञ्चाल तीज विषेश कार्यक्रम सञ्चालन सहयोग | ५ | २०००० | २०००० | २०००० | | २०००० |
| वडाले उपचार गर्नका लागि सहयोग बितरण | १ | १०००० | १०००० | १०००० | | १०००० |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| जात्रा संरक्षण तथा संवर्धन सहयोग । | १ | १०००० | १०००० | १०००० | | १०००० |
| वडाले उपचार गर्नका लागि सहयोग बितरण | १ | ५००० | ५००० | ५००० | | ५००० |
| वडा दशैं र दिपावलीको अवसरमा रोटे पिङ निर्माणका लागि सहयोग । | १ | १०००० | १०००० | १०००० | | १०००० |
| हरितालिका तिजको कार्यक्रम | ९ | ९०३८० | ९०३८० | ९०३८० | | ९०३८० |
| वडा दशैं र दिपावलीको अवसरमा रोटे पिङ निर्माणका लागि सहयोग । | १ | १०००० | १०००० | १०००० | | १०००० |
| हरितालिका तिजको उपलक्ष्यमा तिजगित प्रतियोगिता सञ्चालन सहयोग | १ | १०००० | १०००० | १०००० | | १०००० |
| उपचार गर्नका लागि सहयोग | ९ | १५००० | १५००० | १५००० | | १५००० |
| मकैडाडा युवा क्लब खेलकुँद कार्यक्रम | ६ | ३०००० | ३०००० | ३०००० | | ३०००० |
| समर रिफ्रेसमेन्ट | १ | १७००० | १७००० | १७००० | | १७००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कार्यक्रम सञ्चालन सहयोग | | | | | | |
| वडाबाट विपन्न उपचार सहयोग | १ | १५५०० | १५५०० | १५५०० | | १५५०० |
| वडाबाट विपन्न उपचार सहयोग | ८ | ५००० | ५००० | ५००० | | ५००० |
| वडास्तरीय फुटवल खेल प्रतियोगिता सञ्चालनका लागि सहयोग | ९ | ५१०५० | ५१०५० | ५१०५० | | ५१०५० |
| मेयरकप २०८० को फुटवल खेलमा सहभागीलाइ सामाग्री खरिद | ८ | १८७०० | १८७०० | १८७०० | | १८७०० |
| वडा शिक्षा समिति शैक्षिक सामाग्री खरिद | ११ | ६५९०९ | ६०००० | ६१७०१ | १७०१ | ६०००० |
| चौथो मेयरकपमा विजयी टिमलाइ सम्मान कार्यक्रम | १ | २०२०० | २०२०० | २०२०० | | २०२०० |
| मानवसेवा आश्रमलाइ खाद्यान्न सहयोग | ५ | २५००० | २५००० | २५००० | | २५००० |
| चौथो | १ | ३०००० | ३०००० | ३०००० | | ३०००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| मेयरकपमा खेलाडीहरुलाइ आवत जावत तथा खाजा खर्च | | | | | | |
| चौथो मेयरकपमा खेलाडीहरुलाइ आवत जावत तथा खाजा खर्च, पोषाक, खेल सामाग्री आदी | ११ | ८०००० | ८०००० | ८०००० | | ८०००० |
| वडा खेलकुँद कार्यक्रम | ६ | ७०३०० | ७०००० | ७०३०० | ३०० | ७०००० |
| चौथो मेयरकपमा खेलाडीहरुलाइ आवत जावत तथा खाजा खर्च, पोषाक, खेल सामाग्री आदी | ८ | २५००० | २५००० | २५००० | | २५००० |
| जेष्ठ नागरिक सम्मान कार्यक्रम | ८ | २१०३६ | २१०३६ | २१०३६ | | २१०३६ |
| भैरवदेवी युवा क्लव खेलकुद सामाग्री खरिद | ११ | २०२५० | २०००० | २०२५० | २५० | २०००० |
| ३१ औं त्रिबेणी कप २०८० को फुटवलखेल प्रतियोगिता | ३ | १०००० | १०००० | १०००० | | १०००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सञ्चालन सहयोग | | | | | | |
| ३१ औं त्रिबेणी कप २०८० को फुटवलखेल प्रतियोगिता सञ्चालन सहयोग | ४ | २०००० | २०००० | २०००० | | २०००० |
| ३१ औं त्रिबेणी कप २०८० को फुटवलखेल प्रतियोगिता सञ्चालन सहयोग | ९ | २५००० | २५००० | २५००० | | २५००० |
| महिला स्वास्थ्य स्वयंसेविका अवलोकन भ्रमण | २ | १५०००० | १५०००० | १५०००० | | १५०००० |
| बालकल्याण प्रा वि वार्षिकोत्सव कार्यक्रम | २ | २८७५५ | २८७५५ | २८७५५ | | २८७५५ |
| वडाअध्यक्ष कप सञ्चालन | २ | १५०००० | १५०००० | १५०००० | | १५०००० |
| २८ पिर्के रोंटे पिंग निर्माण सहयोग | ४ | १८६३०६ | २०००० | १९०६८२ | १७०६८२ | २०००० |
| शुभकामना तथा सन्देशमुलक सूचना बापत | ८ | २१५०० | २१५०० | २१५०० | | २१५०० |
| लमजुङ मा. वि. कार्यक्रम | ५ | १०००० | १०००० | १०००० | | १०००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सहयोग | | | | | | |
| लमजुङ मा. वि. कार्यक्रम सहयोग | २ | २०००० | २०००० | २०००० | | २०००० |
| चिति युवा क्लब खेलकुँद | ११ | १२५००० | ८५००० | १२५००० | ४०००० | ८५००० |
| लिस्नो साहित्यिक मञ्चलाइ कार्यक्रम सहयोग | १ | १०००० | १०००० | १०००० | | १०००० |
| लिस्नो साहित्यिक मञ्चलाइ कार्यक्रम सहयोग | ३ | १०००० | १०००० | १०००० | | १०००० |
| त्रीबेणी कप फुटवल खेल सञ्चालन सहयोग | १ | १०००० | १०००० | १०००० | | १०००० |
| त्रीबेणी कप फुटवल खेल सञ्चालन सहयोग | २ | १०००० | १०००० | १०००० | | १०००० |
| चन्द्रसुर्य महिला सञ्जालको कार्यक्रम सहयोग | ९ | ७००० | ७००० | ७००० | | ७००० |
| महिला स्वास्थ्य स्वयंसेविका र महिला सञ्जालको अवलोकन भ्रमण | ११ | ३०००० | ३०००० | ३०००० | | ३०००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सराते पोखरी दशै मेला | १ | १०००० | १०००० | १०००० | | १०००० |
| सूचना सम्बाहकलाइ ह्याण्ड माइक खरिद | १ | १५००० | १५००० | १५००० | | १५००० |
| पस ब. गुरुङलाई एमबुलेन्स खर्च | ९ | ९५०० | ९५०० | ९५०० | | ९५०० |
| लमजुङ जिल्ला फुटवल संघलाइ खेलकुँद सहयोग | ९ | ३०००० | ३०००० | ३०००० | | ३०००० |
| महिला सञ्जाल नाल्माले महिला दिबसमा हाँजीरी जबाफ कार्यक्रम सहयोग | ५ | १३००० | १३००० | १३००० | | १३००० |
| गाउँशहर चैतेदशै सांस्कृतिक उत्सव | ३ | १००५०० | १००५०० | १००५०० | | १००५०० |
| वडा महिला सञ्जाल सिकाइ अध्ययन भ्रमण कार्यक्रम | २ | ५०००० | ५०००० | ५०००० | | ५०००० |
| वडा नं. १० का सबै विद्यालयका विद्यार्थीका | १० | १५०००० | १५०००० | १५२५५६ | २५५६ | १५०००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| लागि पोशाक वितरण | | | | | | |
| लिस्नो साहित्यिक मञ्चलाइ कार्यक्रम सहयोग | ८ | ५००० | ५००० | ५००० | | ५००० |
| जन्मदिनमा बृक्षारोपण अभियान | ८ | ५००० | ५००० | ५००० | | ५००० |
| लमजुङ मा वि हिरक जयन्ती कार्यक्रम खर्च | ३ | २१६९९९ | २००००० | २१८५४९ | १८५४९ | २००००० |
| जम्मा | | २१०३८८५ | १८७४१२१ | २१०८१५९ | २३४०३८ | १८७४१२१ |
| कार्यपालिकाको निर्णयबाट छनोट भएका र नगरप्रमुखबाट तोकादेश भएका आयोजना/कार्यक्रम | | | | | | |
| कराते खेलका लागि आवश्यक सामाग्री खरिद | ८ | ७५००० | ६०००० | ६०५०० | ५०० | ६०००० |
| वडास्तरीय फुटवल खेल प्रतियोगिता मेयरकप २०८० | | ८४७००० | ७००००० | ७४४९३९ | ४४९३९ | ७००००० |
| अनेम संधको नेतृत्व विकास कार्यक्रम | | २४९५०० | ७०००० | ७९१७० | ९१७० | ७०००० |
| नाल्मा महोन्त्सव तथा अन्नपुर्ण मा वि हिरक जयन्ती | ५ | १२०००० | १००००० | ११५७३२ | १५७३२ | १००००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कार्यक्रम सहयोग | | | | | | |
| २८ पिर्के रोंटे पिंग निर्माण सहयोग | ४ | १८६३०६ | १५०००० | १९०६८२ | ४०६८२ | १५०००० |
| चिति युवा क्लब खेलकुँद | ११ | १२५००० | ४०००० | १२५००० | ८५००० | ४०००० |
| जम्मा | | १६०२८०६ | ११२०००० | १३१६०२३ | १९६०२३ | ११२०००० |

## बेरूजु दफा ५० सँग सम्बन्धित विवरण - अनुसूची -४

| कामको बिबरण र स्थान | वडा नं | स्वीकृत लागत अनुमान रकम | उ.स.सँग भएको सम्झौता | | सम्पन्न कार्य | सम्पन्न कार्य मध्ये जन सहभागिता बाट गरेको काम | भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| नगरपालिका स्तरिय आयोजना | | | | | | | |
| सितामणी आमा समुह मिल खरिद | १० | २००००० | २००००० | 080.06.29 | २००००० | | २००००० |
| वडास्तरीय आयोजना/कार्यक्रम | | | | | | | |
| अनुदानमा सिल्पोलिन प्लास्टिक वितरण | १ | २००००० | २००००० | 081.03.20 | २६२८०० | ६२८०० | २००००० |
| कालिका सामुदायिक वन समितिलाई दुनाटपरी एवं विना प्लाष्टिक झोला निर्माण गर्ने मेसिन खरिद | १ | ३२५८१८ | ३००००० | 081.01.02 | ३२६१५२ | २६१५२ | ३००००० |
| बजार देखि वेसीशहर प्रवेशद्धार गेटसम्म सडक बत्ति जडान | १ | २२१७३५ | २००००० | 081.03.19 | २१६६९० | २११२७ | १९५५६३ |
| दलित आयआर्जन तथा सशक्तीकरण कार्यक्रम आरान मर्मत गर्न वेल्डिङ मेसिन खरिद वितरण | १ | १२०००० | १००००० | 081.03.19 | ११९९९२ | १९९९२ | १००००० |
| मौरी प्रवद्र्धन (३ | ४ | ३९४६५० | २००००० | 081.02.13 | ४०३७०० | २०३७०० | २००००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| दिनको आधाभूत तालिम ५०।५० प्रतिशतमा खाली मौरी घार र मौरी सहितको घार वितारण) | | | | | | | |
| कुर्पिनपोल बत्ति खरिद र जडान | ६ | १३५८९० | १२५००० | 080.10.18 | १३६०४६ | ११०४६ | १२५००० |
| कृषि विउविजन खरिद र बितरण | ८ | ८२७०० | ८०००० | 080.06.21 | ८२७०० | | ८२७०० |
| कार्यपालिकाबाट पछि संशोधन भएका वडास्तरीय कार्यक्रम/आयोजनाहरु | | | | | | | |
| मेन्दु अमा समुह भाँडाकुँडा खरिद | ११ | ३५२४० | ३५००० | 080.12.30 | ३५२४० | २४० | ३५००० |
| कृषि तथा पशुसेवा कार्यक्रम सिपमुलक तालिम, सामाग्री खरिद अन्तर्गत रासायनिक मल खरिद कार्यक्रम | ९ | १२५००० | १०५००० | 081.01.09 | १२५००० | २०००० | १०५००० |
| सन्यासीडाडा शिव मन्दिर सामाग्री खरिद कार्यक्रम | ९ | ४८००० | ४०००० | 081.01.12 | ४८००० | ८००० | ४०००० |
| चौथो मेयरकप फुटवलमा सहभागी खेलाडीलाइ सामाग्री खरिद तथा | ३ | ८१५०० | ७०००० | 081.01.13 | ८१५०० | ११५०० | ७०००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| व्यवस्थापन कार्यक्रम | | | | | | | |
| सरस्वती बालविकास केन्द्रका बालबालिकाहरुलाइ खाजा तथा सामाग्री खरिद | ९ | २५००० | २५००० | 081.01.17 | २५००० | | २५००० |
| स्थानीय भेषभुषा तथा पञ्चेबाजा संरक्षण | ३ | १०२६५० | ५०००० | 081.03.14 | ५५२०० | ५२०० | ५०००० |
| बालकल्याण मा वि का लागि सिलिङ पंखा जडान र वडा नं. २ का ३ वटा विद्यालयका लागि डिजिटल शिक्षण सिकाइ अन्तर्गत सामाग्री खरिद। | २ | ३८६००० | ३८६००० | 081.03.07 | ३८७८१६ | १८१६ | ३८६००० |
| कार्यपालिकाको निर्णयबाट छनोट भएका र नगरप्रमुखबाट तोकादेश भएका आयोजना/कार्यक्रम | | | | | | | |
| देउराली आमा समुह फलामे बेन्च खरिद | ९ | ९९९९९ | ९९९९९ | 080.10.25 | ९९९९९ | | ९९९९९ |
| नौमती बाजा खरिद कार्यक्रम | २ | १००००० | ७५००० | 080.12.26 | १००००५ | २५००५ | ७५००० |
| जम्मा | | | | | | | २२८९२६२ |

| भौचर नं. | योजनाको नाम | खपद परिमाण (गोटा/बोरा) | भुक्तानी दर | खरिद दर | फरक दर | भुक्तानी | मु अ कर |
|---|---|---|---|---|---|---|---|
| ४१७ २०८१।२।३ | लाकुरी चौतारा दोसाध सम्मको सडक स्तरउन्नती उ स | ९० | ८६८ | ५५० | ३१८ | २८५८९ | ३७१७ |
| | | ८० | ८६८ | ५४० | ३२८ | २६२१३ | ३४०८ |
| ३६२ २०८१।१।२४ | भकुण्डे चिसापानी सडक निर्माण उस | २१५० | ८२५ | ७०० | १२५ | २६८५३५ | ३४९१० |
| २३ २०८१।३।२४ | शंकर बस्नेतको घर हुदै चण्डीथान जोड्ने सडक | ३३५ | ८६७ | ६५५ | २१२ | ७०९३६ | ९२२२ |
| ३२०,४६६ २०८१।१।९ | रिङ्गेबगर भकुण्डे तिलाहर सडक स्तरउन्नती | ९६५ | ८६८ | ६५० | २१८ | २१०४५७ | २७३५९ |
| | | १५० | ८६८ | ५७५ | २९३ | ४३९६४ | ५७१५ |
| | | ९७० | ८६८ | ६६० | २०८ | २०१८४७ | २६२४० |
| ३३० २०८१।१।१७ | कामि खोला देखि गणेश स्थान मिलन आमा समूह भवन सिढी निर्माण | ७५ | ८६७ | ७१२ | १५५ | ११६३९ | १५१३ |
| ५५३ २०८१।३।१७ | चनौटे उपल्लो मकैडाडाँ पुमा सडक | ८० | ८५९ | ७६८ | ९१ | ७२८० | ९४६ |
| ३६६ २०८१।१।२६ | बुढीकुवा कार्किडाडाँ मो वा | ३५५ | ८३९ | ६४० | १९९ | ७०४६८ | ९१६१ |
| ४०५ २०८१।२।३ | लाकुरी डाडाँ पुरानोगाउँ बाख्रेजगत ठाटी सडक निर्माण | २३० | ८६८ | ६६१ | २०७ | ४७५३२ | ६१७९ |
| ३०० २०८०।१२।२६ | मानेश्वारा सेरा सडक निर्माण योजना | ४६० | ८६४ | ७९१ | ७३ | ३३४६५ | ४३५० |
| ६३० २०८१।३। | डाडाँगाउँ गढी सडक स्तरउन्नती | १९५ | ८७७ | ६६० | २१७ | ४२३५० | ५५०६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २३ | | | | | | | |
| ३५ २०८०।७।२ | दमैचौतारादेखि बगैचा जाने सडक ढलान योजना | ३५२ | ८३७ | ६६१ | १७६ | ६२०९३ | ८०७२ |
| ५५५ २०८१।३।१७ | कर्मटासी छ्योलिङ गुम्बा खासुर | २१५ | ८३७ | ७४६ | ९२ | १९६९४ | २५६० |
| ३८६ २०८१।१।२७ | नयाँ चौतारा देखि स्यारे बाख्रेजगत सडक | १०० | ८६८ | ६६१ | २०७ | २०६६६ | २६८७ |
| ३३९ २०८१।१।२४ | पुरानो कोट बाख्रेजगत सडक स्तरउन्नती योजना | १०० | ८६३ | ६७१ | १९२ | १९२२४ | २४९९ |
| | | २५७ | ८६३ | ६३४ | २२९ | ५८९१५ | ७६५९ |
| ३५ २०८१।३।२३ | चिति तिलाहार हुँदै हिलेटक्सार पास्मे डाडा सडक निर्माण | ३७५ | ८३३ | ६५५ | १७८ | ६६६७५ | ८६६८ |
| ६०६ २०८१।३।१९ | सृजना आमा भवन निर्माण योजना | १५० | ८२८ | ६५५ | १७३ | २५८९० | ३३६६ |
| ६०० २०८१।३।१८ | काउलेपानी सामूदायिक भवन मर्मत | ६० | ८३६ | ६५५ | १८१ | १०८३० | १४०८ |
| ५६४ २०८१।३।१७ | ल्याडफिल्ड साइटसम्मको सडक स्तरउन्नति | १३५५ | ८२७ | ६०० | २२७ | ३०८१२७ | ४००५७ |
| ५७८ २०८१।३।१७ | चाम्डीला पुरानोकोट सडक निर्माण | १८६ | ८६६ | ५४४ | ३२२ | ५९९३७ | ७७९२ |
| | | ४०० | ८६६ | ६५५ | २१० | ८४१३६ | १०९३८ |
| | | १५० | ८६६ | ६४४ | २२२ | ३३२४६ | ४३२२ |
| जम्मा | | | | | | | २३८२५३ |

## बेरूजु दफा ६६ सँग सम्बन्धित विवरण - अनुसूची - ६

| गो भौ नं | उस को विवरण | भुक्तानी पाउनेको विवरण | हेभि ईक्युपमेण्टमा खर्च | मु अ कर |
|---|---|---|---|---|
| ६११ २०८१।३। १९ | तिलाहार स्वास्थ्य चौकी जाने सडक उस | उज्जल निर्माण सेवा | २४९९१ | ३२४९ |
| ५८४ २०८१।३। १७ | छ घर राजदल गाँउ कोल्मोरोङ प्रभावेशी आमा समूह भवन जोड्ने मो बा उस | सन्तोष निर्माण सेवा। कालिका इन्जिनियरिङ्ग | ५२२०८८ | ६७८७१ |
| ५९९ २०८१।३। १८ | ढाँड भिर बाटो निर्माण योजना उस | क्वालिटि विल्डर्स | २१७६७८ | २८२९८ |
| ५७८ २०८१।३। १७ | चम्डीला पुरानो कोट उस | अंशु इन्जिनियरिङ एण्ड कन्सट्रक्सन | ४९२११ | ६३९७ |
| ५८२ २०८१।३। १७ | लप्ले कृषि सडक उस | कान्छा सफारी कन्स्ट्रक्सन | ४३९६ | ५७१ |
| ५६७ २०८१।३। १७ | खत्रि गाँउ सडक स्तरउन्नति योजना उ स | बस्नेत निर्माण सेवा | ७०४२ | ९१५ |
| ५७२ २०८१।३। १७ | रुम्ता वेशि बजार खुट्टा मो वा उस | बुढाथोकी कन्स्ट्रक्सन | १६७०१ | २१७१ |
| ५६३ २०८१।३। १७ | चनौटे ढाड भिर बाटो निर्माण उस | क्वालिटि विल्डर्स | २१८२१२ | २८३६८ |
| ५६४ २०८१।३। १७ | ल्याण्डफिल्ड साइट सम्मको सडक स्तरउन्नती योजना उस | कालिका निर्माण सेवा | २९०२१२ | ३७७२८ |
| ५४६ २०८१।३। १६ | रतनपुर खेल मैदान पहुँच मार्ग निर्माण तथा खेल मर्मत उस | लम्जुङ क्रसर एण्ड कन्स्ट्रक्सन प्रालि | २०३६०४ | २६४६९ |
| ५५३ | चनौटे उपल्लो मकैडाडाँ | वस्नेत निर्माण सेवा | ४२४१६३ | ५५१४१ |

| | | | | |
|---|---|---|---|---|
| २०८१।३। १७ | पुमा सडक | | | |
| ४५९ २०८१।२। २० | खहरे खोला न्याउली खोला<br>पुल निर्माण उ स | कान्छा सफारी कन्स्ट्रक्सन | ५६००० | ७२८० |
| ७० २०८०। ८।२७ | लाकुरीडाडाँ फेदी सडक उ स | एभरेष्ट निर्माण सेवा | ३६५५८७ | ४७५२६ |
| ७८ २०८०। ९।३ | दुर्गा बहादुर खत्री मार्ग | कान्छा सफारी कन्स्ट्रक्सन | ५४०५१ | ७०२७ |
| ११८ २०८०।९। २६ | हरित पार्क निर्माण उस | एभरेष्ट निर्माण सेवा | २०७४५६ | २६९६९ |
| ११३ २०८०।९। २५ | बजार क्षेत्रको कालोपत्रे उ स | सरायस कन्स्ट्रक्सन प्रा ली | १०९५०४३ | १४२३५६ |
| १२९ २०८०।१०। ४ | रेडक्रस पुलदेखि डाडाँगाउँ उस | सिङ्गा कन्स्ट्रक्सन | ३०३७५० | ३९४८८ |
| १८०। २०८०।११। ८ | रेडक्रस पुलदेखि डाडाँगाउँ उस | अधिकारी कन्स्ट्रक्सन | ९०९९३ | ११८२९ |
| १७७ २०८०।११। २ | बाझाखेत बराहापोखरी सडक<br>मर्मत उस | अधिकारी कन्स्ट्रक्सन | ३९८६४८ | ५१८२४ |
| २४० २०८०।११। २९ | भकुण्डे पञ्चासे जाग्रिति गोरेटो उस | अशुं इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन | ३०९७३ | ४०२६ |
| २४६ २०८०।११। ३० | मानेसारा सेरा स्तरउन्नती उ स | अशुं इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन | ३००२१२ | ३९०२८ |
| २६८ २०८०।१२। ६ | बाझोखेत पासाचौर सडक उ स | कान्छा सफारी कन्स्ट्रक्सन | ६४९८४ | ८४४८ |
| ३०६ | ठुलो घिमिरे सडक | बुढाथोकी कन्स्ट्रक्सन | ७९६४ | १०३५ |

| | | | | |
|---|---|---|---|---|
| २०८०।१२।२७ | स्तरउन्नती उस | | | |
| ३०१। २०२८०। १२।२६ | बाख्रेजगत ज्यामिरे सडक उ स | कान्छा सफारी कन्स्ट्रक्सन | १६००८७ | २०८११ |
| ३०० २०८०।१२।२६ | मानेसारा सेरा सडक निर्माण उ स | चम्मावति निर्माण सेवा | १०४८५ | १३६३ |
| ३६२ २०८१।१।२४ | भकुण्डे चिसापानी सडक उ स | कान्छा सफारी कन्स्ट्रक्सन | २३४०३६५ | ३०४२४७ |
| ३६६ २०८१।१।२६ | बुढी कुवा कार्की डाडाँ मोटर बाटो | कान्छा सफारी कन्स्ट्रक्सन | ३१३६६ | ४०७८ |
| ३८६ २०८१।१।२७ | नयाँ चौतारादेखि जगत | कान्छा सफारी कन्स्ट्रक्सन | ३०१४४८ | ३९१८८ |
| ४०५ २०८१।२।३ | लाकुरीडाडाँ पुरानो गाउँ बाख्रेजगत उ स | कान्छा सफारी कन्स्ट्रक्सन | १४७४४९ | १९१६८ |
| ४१३ २०८१।२।३ | काउलेपानी गढी सडक स्तरउन्नती | कान्छा सफारी कन्स्ट्रक्सन | ९७५००० | १२६७५० |
| ४११ २०८१।२।३ | चामिडला तिलानदी सिमलघारी मो वा उ स | कान्छा सफारी कन्स्ट्रक्सन | ११७४८३ | १५२७३ |
| | | जम्मा | ९०३७६४२ | ११७४८९३ |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।

- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।

- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्यौंट गर्नुपर्दछ।

- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्यौंटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्यौंट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्यौंट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।

- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलब्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।